# विश्वासद्वारा, मोसा

धन्यवाद भाई नेभिल। शुभ प्रभात मित्रहरु। आज यहाँ पवित्र स्थानमा हुन पाउदा असल महसूस गर्दैछु। र मैले सोचेको थिए यदि मसंग विहानमा बोल्नको लागि भाई नेभिल हुनुहुन्छ भने, म रातिमा बोल्ने कोशिस गर्नेछु। र त्यसपछि आज विहान मैले फर्केर त्यो आइतबारको विद्यालयको पाठलाई हेर्दैथिए। र कति...यदि प्रभुको इच्छा भए, हामी यस—यस आइतबारको विद्यालयको पाठ हेर्ने कोषिस गर्नेछौ।

2 अब, म यहा आएदेखि, आजको दिनसम्म दुइ हप्ता भईसकेको छ। तपाई बुझ्नुहुन्छ कि कार्य क्षेत्रमा म एकदमै त्रसित भएको थिए, म वास्तवमै थकित भएको थिए र गाह्रो गरेर पनि पर जान सक्दिन थिए। र मात्रै थोरै बेरको विश्रामको लागि म आउनुपर्यो। र मैले वोल्फ़ क्रिक ड्याम, तल केन्टकीमा करिब तिन दिन लिएको थिए, जहाँ म जन्मेको थिए। मैले सोचेको थिए, "ओ म कति अद्भूत महसूस गर्दैछु अहिले। म आराम छु।"

3 र म घर फर्किए। र प्रथम सानो कुरा जुन मेरो सामने आयो त्यो कुनै प्रकार को सरकारी मामिला जुन आयकर को विषयमा थियो। र म फेरी पुरै पहिलेकै अवस्थामा पुगे। त्यसैले मैले यो थाहा पाए कि मैले विश्राम पाउन एक हप्ताभन्दा बढि वा दुइ हप्ता लाग्नेछ।

4 र अब मेरो सेवाकाईले परिवर्तन लिन तयारी गर्दैछ। र मसंग कुनै सभाको तालिका छैन। र त्यहि नै कारण हो कि म मात्र एकातिर आए, र सोचे, र अबको आउदो केहि हप्ताहरुमा, म मात्रै विश्राम लिनेछु, पूरा विश्राम, र प्रभुमा पर्खिरहन्छु।

5 र तपाईहरु धेरै जना जनहरु यहाँ, जो पुरानो समयकाहरु हुनुहुन्छ, जो हामीसंगै लामो समयदेखि हुनुहुन्छ, जसले प्रभुले हामीलाई के भन्नुभएको छ सो सम्झनुहुन्छ, उहाले सधै गरेर देखाउनुभएको छ जे उहाले गर्छु भनि उहाले भन्नुभएको थियो।

6 याद गर्नुहोस्, जब पहिलो शूरुवातमा, यो मण्डलीमा यहाँ, जुन विहानीमा हामीले पवित्रस्थानको जगको पत्थर राखेका थियौ, कसरी उहाले...यो लेखिएको थियो, र पत्थरमा राखिएको, मेरो बाईबलको पहिलो पानामा लेखिएको थियो। त्यस बिहानमा त्यस महान् दर्शनले यो भनेको थियो, "यो तेरो पवित्र स्थान होइन।"

7 मैले भने, "कहाँ छ त त्यो, प्रभु?" र उहाले मलाई त्यो आकाश मुनिको ठाउमा राख्नुभयो। र एउटा आवाज आयो। र मैले हेरे र त्यहाँ तिनओटा क्रूस देखे जुन रूख जस्तो थियो र त्यसको फल जस्तो थियो, र अरु त्यस्तै थियो। तपाईलाई थाहा छ दर्शन के थियो भनेर। त्यो धेरै वर्ष पहिले देखि लेखिएको छ।

8 कुनै दिन त्यो पुरानो पुस्तक त्यहाँ उठाए ती मध्ये केहि कुराहरु पढ्दै थिए जुन प्रभुले भन्नुभएको थियो, पूर्व ज्ञानबाट भन्नुभएको थियो, त्यो पुरा भईसकेको छ। यी सबै थोकको बारेमा र कसरी युद्ध हुन आइपुग्छ र ती सबै कुराले प्रभावित गर्छ।

9 ती महान् भविष्यवाणी मध्येमा मात्र दुइटा कुरा हुन आउन बाकि छ। त्यो हो, कि अण्डा आकारको देखिने कारहरु जुन सडकमा रिमोटको नियन्त्रणबाट चल्नेछ जहाँ

तपाईले चलाउनु पर्दैन। त्यो आफैले आफैलाई नियन्त्रणमा राख्छ। र त्यसपछि त्यहाँ एउटा महान् स्त्री उठ्नेछ, 'किनकि अमेरिका एउटा स्त्रीको देश हो। र त्यसले...एउटा महान् स्त्री उठ्नेछ, र यस देशको राष्ट्रपति या त्यस्तै केहि बन्ने छ। र त्यहाँ पूरा विनाश आउनेछ। पूरै देश नष्ट हुनेछ।

10 र, त्यो, मेरो भविष्यवाणी...अब यो प्रभुले भन्नु भएको होइन। (त्यो अर्को, स्त्रीको विषयमा प्रभुले भन्नुभएको हो) तर मेरो अड्कल यो छ, १९३३, कि संसारको पूरा विनाश ७७ भन्दा अगाडिनै हुनेछ।

11 त्यसपछि, मलाई लाग्दैन कि ती समयमा तिनीहरुसंग ती कुराहरु थिए जसले विनाश गर्न सक्दछ जस्तो अहिले समयमा छ, तर मैले देश पूर्ण विनाशमा गएको देखेको थिए, मात्र रूखका ठूटाहरु र त्यस्तै कुराहरु मात्र बाकि थियो।

12 त्यसैले त्यो पूरा हुनलाई नजिकिदै छ। र यदि यी सबै कुरा उहाले भन्नुभएको अनुसार नै हुनआएको छ भने, त्यो पनि हुन आउनेछ; र जस्तो उहाले धर्मशास्त्र भन्नुभएको छ यहा, जे उहाले भन्नुभएको छ सो हुनेछ। यदि ख्रीष्ट पहिलो पटक आउनुभयो भने दोस्रो पटक पनि आउनुहुनेछ। र सबै कुरा उहाले भन्नुभएको पूरा हुन आउनेछ। र यो विधिवत रुपमा देख्दै गर्दा, र यो जानेर कि हामी...एउटा देशको रुपमा हाम्रो संख्या लगभग बोलाईने अवस्थामै छ, यो जान्दाजान्दै कि मण्डलीले आफ्नो यर्प्चर पूरा गर्ने अवस्थामा छ। यस्तो दिनमा र समयमा हामी बाचिरहेको छौ भनि जान्दा कुनै पनि सेवक या कुनै जनको हृदय यसले हल्लाउछ। यस पृथ्वीमा कुनै मानिसको लागि जिउनु यो नै सबै भन्दा महान् समय हो, यहि अहिले समय, जुन मण्डलीको लागि हो। त्यसैले, मेरो निम्ति म तपाईहरुको प्रार्थनाको चाहना गर्दछु।

13 र त्यसपछि मैले मण्डली देखे, र मैले देखे तिनीहरु...तिनीहरुको पुनः चुनाव र सबै कुरा हुदै थियो, त्यस मण्डलीमा, कुनै तरिकाको समितिको लागि र अरु त्यस्तै कुराहरुको लागि।

14 र—र मण्डलीलाई एउटा सानो समिति चाहिन्छ, एउटा चलाउने समिति। र तपाईहरु सधै म प्रति दयालु रहनुभएको छ र मलाई आषिश दिनुभएको छ। र म यहाँ हुनुमा, तपाईहरुले एउटा आषिशको रुपमा हेर्नुभएको छ। र म निश्चित छु कि तपाईहरु संग रहन पाउदा मेरो निम्ति आशिष भएको छ। र मैले भनेका कुराहरु तपाईहरुले सधै सत्य भनि स्विकार्नु भएको छ, जसै मैले त्यसलाई परमेश्वरबाट देख्दछु। र म—म त्यसलाई सम्मान गर्छु।

15 त्यसपछि मैले, मैले शुरू गरे, र तब मैले पत्ता लगाउनु पर्ने भयो, र हाम्रो मण्डलीलाई सिधा उठाउन पर्ने भयो, समितिमा ल्याउन पर्नेभो, र त्यस पछि चुनाव र अरु सबै गर्न पर्ने भो। र त्यसपछि—त्यसपछि, मैले विचार गरे त्यसपछि म कार्यक्षेत्रमा फेरी फर्केर जानुभन्दा अगाडि त्यहाँ गएर थोरै आराम गरे।

16 त्यो तपाईहरुको आपसमा नै राख्नुहोस्। अब, त्यो बाहिरको व्यक्तिको लागि होइन। त्यो यो मण्डलीको लागि हो। हामी एउटा बैठक गर्न चाहन्छौ ताकी सबैकुराहरु, र सबै

गल्ति, र सबै ती कुराहरु जुन मनमा लिईएको छ, र हुनसक्छ एक अर्कामा कुनै साना चित्त दुखाईको कुराहरु होलान्, ती, म ती सबैजनालाई लिनेछु र ठिक आमने सामने ल्याउनेछु। त्यसैले यदि तपाईले यसलाई सामना गर्न चाहनुहुन्न भने, तपाईले यसलाई छोडेर जादा नै असल हुनेछ, 'किनकि तपाई हरेक ती साना कुरा लिएर आमने सामने आउनुहुनेछ, जस्तो हामीले यस मण्डलीमा पहिले गर्ने गर्थ्यौं। र सबै कुरा सुल्झ्याईएको होस्, किनभने हामी ती दाजू भाई दिदि बहिनीहरु हौ जसले भक्ति तोडेका छौ, त्यो ख्रीष्टको शरीर, जसले आषिशको मेचमा तोडेका छौ। र अरु कोहिले नभएर यो दुष्टले ती गलतका कुराहरु, र चित्त दुखाउने कुराहरु, या रोदन, या त्यस्ता कुनै पनि कुराहरु गर्दछ। र म हाम्रो भाई नेभिललाई लिनेछु, र ठाउ ठाउमा जानेछौ, र तबसम्म व्यक्ति व्यक्तिलाईसंगै ल्याउनेछौ जब सम्म यो फेरी पनि त्यो पुरानो मण्डली बन्दैन, परमेश्वरको राज्यको लागि जानको निम्ति जबसम्म फेरी स्थापना हुदैन। अब, यो, यो कारणले मैले यो भनेको हूँ, किनभने यो हाम्रो आफ्नै सानो समूदायमा बिहान भएको हो।

17 र अब म केहि आराम लिन जादैछु, र जत्ति सक्दो चाडो फर्किनेछु। र त्यसपछि म अपेक्षा गर्छु कि म फेरी कार्य क्षेत्रमा फर्कनेछु। र अब यो समयमा, प्रभुको इच्छा भए, हामीले थोरै जम्मा गरेको भेटिदान र त्यस्तै, मेरो लागि त्यस बिदेशी उदेश्यको कार्यक्रमको लिन चाहन्छु। र केहि तम्बू, र कुनै नया उपकरण ल्याउन सकौ र मैदानमा शुरू गर्न सकौ। मण्डली देखि मण्डलीमा जानलाई होइन तर हाम्रो आफ्नै सभाहरूमा जानको निम्ति।

18 अब, ती भाईहरुलाई अनदेखा नगरी जसले मलाई आमन्त्रित गर्नुभयो, जुन राम्रो हो। तर ती सबैभन्दा मूख्य तपाईले यो पाउनुहुन्छ कि, यी सभाहरुमा तिनीहरुले तपाई त्यहाँ हुनुहुन्छ भन्छन्, र त्यसपछि सबै तपाईका मित्रहरु आउछन्, र त्यहाँ पैसाको लागि सबै ठूलो ढोल पिटाई मात्रै हुन्छ। मात्र ती मानिसहरुलाई तल नालीमा ल्याईदिन्छन्। मैले मात्र त्यो पाउन थालेको छु, बुझ्नुभयो। त्यसैले त्यो—त्यो ठिक होइन। हामी यस्तो ठाउ भएको चाहन्छौ जहाँ हामीले तिनीहरुलाई ल्याउन सकेकोहोस्। तपाईले आफ्नो पैसा ल्याउनु पर्दैन। मात्रै आफै आफ्नै तरिकामा आउनुहोस्, र—र प्रभुलाई सेवा गर्नुहोस्। बुझ्नुभयो? र त्यसैले अब...

19 र मेरो सेवाकाईले अहिले परिवर्तन फेरेको छ। तपाईलाई थाहा छ जब मैले कुनै एक व्यक्तिको हात पक्रने गर्थे, र त्यहाँ उभिने गर्थे, र परमेश्वरले मलाई तिनीहरुको समस्या के थियो भनि भनिदिनुहुन्थ्यो। भन्नुहुन्थ्यो, "तब त्यो पूरा हुन आउदथ्यो, तपाईलाई थाहा छ मानिसको हृदयको गुप्तका कुराहरु।" तपाईहरु सबैलाई थाहा छ ती ठिक जस्तो भनिएको थियो त्यो सिद्ध रुपमा पूरा हुन आएको छ। अब यो अर्को कदम थियो, जुन भविष्यवाणी र अगमवाणी गरिएको थियो, जुन यसबाट कुनै पनि कुराबाट पर हुनेछैन, तपाईले बुझ्नुभयो। र यो ठिक अहिले बद्लावमा छ।

20 र त्यहि नै कारणले शैतानले मसंग मेरो आयकरमा लडाई गर्छ, मलाई यो भन्ने कोषिस गर्छ कि म सरकारको लागि प्रत्येक पैसाको ऋणी छु जुन मैले सेवक भएर सत्ताईस वर्ष अगाडि प्रवेश गरे देखि लिएको छु। त्यो त्यस्तो होइन,' किनकि यो यस मण्डलीबाट पारित भएर आउछ।

21 म यस मण्डलीको कोषाध्यक्ष हुँ। यो ठिक हो। यो यस अभिलेकमा छ। त्यसैले, त्यसपछि, यदि म यस मण्डलीको कोषाध्यक्ष हुँ भने त्यहाँ संसारमा केहि बाकि छैन... सरकारको योसंग केहि सरोकार छैन। तिनीहरुले मण्डलीमाथि प्रश्न ठडाएका छैनन्। तिनीहरुले म यस मण्डलीको कोषाध्यक्ष भएकोले मलाई प्रश्न गरेका हुन्। र कोषाध्यक्षहरुले एउटा कागजमा हस्ताक्षर गरेका छन् जुन त्यहाँ ब्यांकमा छ, कि ती सबै मेरा कोष...मेरो आफ्नै संस्थान बनाउनु भन्दा मैले मेरो मण्डलीबाटनै यसलाई पारित गरे, किनकि यो आफैमा आपसेआप एउटा संस्था हो।

22 र यसो गर्नाले, मलाई मण्डलीबाट टाढा र छोडेर जानलाई र मेरो तर्फबाट बाहिर जान र यहाँ केहि नहुनबाट बचाउन मद्धत गर्छ। मैले मानिसहरुमा म मण्डली फर्केर आउछु भनि बाचा गरेपछि समय समयमा फर्किन पाउछु जसले तिनीहरुलाई मद्धत पुर्याउदछ। त्यसै कारणले मैले त्यस्तो रुपमा राखे किनभने मैले तपाईहरु सबैलाई यहि प्रतिज्ञा बनाएको थिए। त्यहि कारणले व्यक्तिगत रूपमा हुनुको सट्टामा म त्यसै तरिकामा नै रहिरहे। तब, यदि तपाईले त्यसो गर्नुभयो भने, यसले संगठनमा फालिदिन्छ। र म द्ढतासाथ संगठनको विरुद्धमा छु। त्यसैले म यसलाई जस्तो छ त्यस्तै रूपमा छोडिदिन्छु, परमेश्वरको हातमा, ताकि हामी परमेश्वरको राज्यमा अगि बढिरहन सकौ।

23 अब, यो बिहानमा, हामी आषिशित पुरानो वचनलाई अध्ययन गर्न चाहन्छौ र विश्वास गर्न चाहन्छौ।

24 म यो पनि भन्न चाहन्छु...म भाई एगान र धेरैलाई हेर्छु, केहि कोषाध्यक्षहरु यहाँ बसिरहनु भएको छ, गत रातको हाम्रो कोषाध्यक्षको बैठक पछि, यो सत्य हो; म मण्डलीको अगाडि सार्वजनिक रुपमै भन्छु कि तपाईहरु प्रत्येक सबै तोकिएको कोषाध्यक्षहरु हुनुहुन्न। तपाईहरु चुनिएको कोषाध्यक्षहरु हुनुहुन्छ, र तपाईको नाउ पुस्तकहरुमा छ। त्यो ठिक छ।

25 र अब तिनीहरुले केहि अरु डिकनहरु र अरु थोकमा चुनाव गर्नेछन्। र भाई नेभिलले तिनीहरुलाई सेवा पछि तुरुन्तै बोलाउनुहुनेछ, ठिक छ, र कोषाध्यक्ष र अरुको निम्ति जस्तो तरिकामा हामी मण्डलीलाई तयार पार्नेछौ। सबै पृष्ठभूमि तयार राख्नुहोस्, त्यसपछि हामीमा एउटा जागृति हुदछ जे जस्तो रुपमा त्यो हुन आउदछ।

26 अब, हामीले यहाँ यी पान्नाहरु पल्टाउनु भन्दा पहिले, हाम्रो आइतबारको विद्यालयको पाठको निम्ति, जिवित परमेश्वरको यस महान् वचनको निम्ति, केहि क्षणको निम्ति हामी सबैले आफ्नो शिर निहुराऔ, जबकि हामी यस पुस्तकको लेखकसंग बोल्नेछौ। र अब ती सबै सोचाई, ती सबै विपरित कुरा जसले तपाईलाई आशिष पाउनबाट बन्चित गराउदछ।

आउनुहोस् प्रार्थना गरौ।

27 अति पवित्र र धर्मी परमेश्वर, तपाईको धन्य आगमनको उपस्थितिमा अहिले हामी आउदछौ, हाम्रा जीवनहरु, र हाम्रा—हाम्रा प्राणहरु, र हाम्रा शरीरहरु, र हाम्रा सेवाहरु, र हाम्रा प्रतिभाहरु तपाईमा चडाउदछौ। र हामीसंग भएका हरेक ती कुरा तपाईमा प्रस्तूत गराउदछौ। र जसै तपाई हामीलाई हेर्नुहुदछ, प्रभु, यदि त्यहाँ कुनै पाप नाङ्गो र अस्विकार गरेको छ भने, हामी तपाईमा माग्दछौ, ओ प्रभु परमेश्वर, कि तपाईले ती स्थानहरुमा

तपाइको पुत्र येशूको रगत लागू गर्नुहुनेछ। किनकि, यो जानेर कि हामी आफैमा अपर्याप्त छौ, र हाम्रो निम्ति कहिल्यै पनि आत्मनिर्भर हुन असम्भव छ। तर हामी पूर्ण रूपले तपाईको अमूल्य रगतमा भरोसा गर्दछौ, र उहाको अनुग्रह हाम्रो खातामा लागू गर्नको निम्ति, ताकि हामी अयोग्य पापीहरु कुनै दिन तपाईको उपस्थितिमा साहसी भई आउनसक्न, प्रभू येशूको रगत हाम्रो अगाडि ल्याउन सक्नको निम्ति। जुन, तपाईले, बितेका समयहरु, तपाईको एकलौटे पुत्रको रगत भनि चिनाउनुभयो, र यो प्रतिज्ञा गर्नुभयो, कि, “उहाद्वारा, यदि हामीले हाम्रो पाप स्वीकार गर्यौं भने, हामी उहाको अनुग्रहद्वारा धर्मी ठहरिनेछौ।”

28 र अब हामी यो माग्दछौ, प्रभु, हामीले गरेका कुनै पनि गल्ति, कुनै पनि अपराधका पाप या भूल, अपराधलाई क्षमा गरिदिनुहुनेछ, ताकि यदि कुनै पनि दुष्ट विचारहरुले हाम्रो प्राणलाई दुष्टको अग्निबाणले घोचेको छ भने, तपाईले तपाईको र तपाईका मानिसहरुको दुष्ट शत्रुलाई पर हटाईदिनुहुनेछ।

29 र हामी माग्दछौ कि तपाई यस समयमा वचनलाई पकडमा राख्नलाई पवित्र आत्मा पठाउनुहोस्, जसै हामी आफैलाई एउटा यन्त्रको रूपमा लिदछौ ताकि तपाईको वचन हामीबाट भएर बोल्नुहुनेछ, र हामीबाट भएर सुन्नुहुनेछ। र हुनसकोस् कि हामीले यो बापतमा तपाईबाट प्राप्त गर्न सकौ, र आज यो भावनाका साथ हामी जानसकौ कि हामी ख्रीष्टको कारणमा पुनर्समायोजन गरिएका छौ, ताकि आजराति र भोलिको सेवामा पवित्र आत्माको भेटको कारणले हामी ठिक तरिकाले रहन सकेकोहोस्।

30 हाम्रा सबैतिर रहेका दाजुभाईहरु, र संसार भर रहेका मण्डलीहरुलाई आषिश दिनुहोस्, जसले यो दुष्ट दिनहरुमा पनि जीवनको वचनलाई पक्रेर बसेका छन्। हामी महसूस गर्दछौ कि कार्य गर्नको निम्ति त्यहाँ धेरै समय छैन, किनकि रात एकदमै चाडो आईरहेको छ। त्यो युद्धको बादल फेरी पनि तैरिरहेको छ। दुष्ट हातैमा छ, र हामी प्रार्थना गर्दछौ कि कहिल्यै नगरेको रूपमा तपाईले हामीलाई कार्य गर्न दिनुहुनेछ। हाम्रो थकित शरीरलाई विश्राम दिनुहोस्, प्रभु, र फेरी पनि हामीलाई युद्धमा पठाउनुहोस्। किनकि हामी माग्दछौ येशू ख्रीष्टको नाउमा, र उहाको खातिर हामी प्रार्थना गर्दछौ। आमेन।

31 जसै यस विहान हामी बाईबल खोल्दछौ, हिब्रू को पुस्तक ११ औ अध्याय।

32 बुधबार राति हामीले हिब्रूको पुस्तक ७ औ अध्यायमा “मल्कीसेदेक पिता र माता रहित भएको र उनको दिनको सुरूवात र जीवनको अन्त्य नभएको विषयमा बोल्यौ।”

33 र मैले सोचेको थिए, हुनसक्छ, यो बिहान, फेरी पनि यहि अद्भूत पुस्तक खोल्नु उचित हुनेछ, यो औपचारिक पढाइमा जुन कुरा हामीले भन्ने इच्छा गरेका छौ हामीसंग त्यसको पृष्टभूमि भएको हुनाले। र १०औ अध्याय र ९ औ अध्याय लाई छोडेर, जुन बलिदानको व्यवस्था हो, त्यसलाई छोडेर हामी “विश्वास” को स्थानमा आउनेछौ। र यहाँ हिब्रूको पुस्तकमा, ११ औ अध्यायमा, २३ पदबाट शूरू गरेर, हामी यसरी पढ्नेछौ:

> *मोशा जन्मदा तिनका आमा–बुबाले तिनलाई सुन्दर देखे, र विश्वास द्वारा तिन महिनासम्म तिनलाई लुकाई राखे, र राजाका हुकुमको तिनीहरुले डरै मानेनन्।*

*मोशा बढेर ठूला भए। आफ्नो विश्वासको कारणले उनले आफूलाई फिरऊनकी छोरीको छोरा कहलाउन चाहेनन्।*

*उनले पापको आनन्द मनाउन चाहेनन्। यी आनन्द क्षणिक हुन्छन्। बरू परमेश्वरका मानिसहरूसित रही कष्ट भोग्नु रूचाए। उनले यो विश्वासको कारणले गरे।*

*मोशाले मिश्रदेशको भण्डार भन्दा ख्रीष्टको लागि भोगेको दुख अझ ठूलो सम्पत्ति हो भन्ने विचार गरे। मोशाले परमेश्वरबाट पुरस्कार पर्खिरहे।*

*विश्वासकै कारणले उनले मिश्रदेश छोडे। उनी राजाको रिसदेखि डराएनन्। उनी डटिरहे, जस्तो कि* अदृश्य *परमेश्वरलाई उनी देख्नसक्छन्।*

34 म यस विहान यो विषय लिन चाहन्छु, "विश्वासद्वारा चुनिएको।" र मूलपाठ को लागि २३ औ अध्यायको पहिलो तिनओटा शब्द लिन चाहन्छु, वि*श्वास द्वारा*, मोसा। र "विश्वासद्वारा चुनिएको," धेरै जस्तो सबै कुरा जुन द्वारा हामीले गर्छौ, हामीले विश्वासद्वारा चुन्छौ। र ती सबै कुरा जुन मोसाले गरेका हामीले पाउछौ, त्यो विश्वासको करणले दोहोर्याउने योग्यको छ; त्यो दृष्टिबाट होइन तर विश्वासबाट हो।

35 र मण्डलीको लागि यो अवस्थामा, मैले यस विहान यो चुन्नुको कारण छ, त्यो हाम्रोमा भएको...हाम्रो विद्यालयमा पनि, र हाम्रो वरपर, हामीमा यति धेरै वैज्ञानिक शिक्षा छन्। यसैको कारणले, हामीले मानिसहरुलाई विश्वासबाट टाढा पुर्याएका छौ। अब, विश्वास विज्ञानले प्रमाणित गर्दैन। विश्वास त्यो हो जुन विज्ञानले देख्दैन। र हामी...यदि हामीले कहिल्यै यो महान् विश्वास गुमायौ भने, तब हामी पूर्ण अन्धकारमा हुन्छौ, यो... तपाई जतिसुकै शिक्षित किन नहोस् त्यसले केहि फरक पार्दैन, हाम्रो आफ्नै तरिकाको विश्वासलाई सुहाउदो बनाउन कसरी हामीले परमेश्वरको वचन व्याख्या गर्न सक्छौ र।

36 परमेश्वरलाई रिझाउने त्यहा अरु कुनै तरिका छैन, मात्र विश्वासबाट सकिन्छ। वचनले सिधारुपमा त्यो तरिकामा जनाउछ, र त्यो विश्वासबाट हो। "र विश्वास बिना," वचनले भन्छ, "परमेश्वरलाई खुसि बनाउन सकिदैन।"

37 त्यसैले, यदि विश्वास विज्ञानसंग असहमत छ, र विज्ञान विश्वाससंग असहमत छ भने, त्यसले एक अर्कोलाई किनारमा राख्दछ, तब हामीले एउटा चुन्नु पर्दछ जस्तो मोसाले गरेका थिए। विश्वासद्वारा हामी विश्वास गर्दछौ!

38 अब, यदि हामीले विश्वास गुमायौ भने, तब परमेश्वरबाट हाम्रो प्रार्थनाको उत्तर कहिल्यै पनि पाउन सक्नेछैनौ। "किनकि त्यो जो परमेश्वरमा आउदछ त्यसले पहिले यो विश्वास गर्नुपर्दछ कि उहा हुनुहुन्छ, र तिनीहरुका इनामकर्ता हुनुहुन्छ जसले लगनशीलता साथ उहालाई खोज्दछ।" त्यसैले, यदि हामीले विश्वास गुमायौ भने, हाम्रा प्रार्थनाहरु रद्द हुदछ; हामी कहिँ पनि केहि पाउदैनौ।

39 त्यसैले यस विहान त्यो नै सबै हो जुन हामीले सोच्न सक्छौ, त्यो हो विश्वास लाई पक्रिरहने। तब, यदि हामीले विश्वास गुमायौ भने, हाम्रा सबै आशाहरु हराउदछ। किनकि, तपाईले देखिएका कुराहरुमा विश्वास गर्न सक्नुहुन्न, किनकि ती थोकहरु जुन तपाईले

देख्नुहुन्छ त्यो सबै नाश भएर जान्छ। त्यसैले यो नै सबैथोक हो जुन हामीले यस विहानमा सोच्न सक्छौ, त्यो हो विश्वासलाई पक्रिरहने।

40 यदि हामीले कुनै महान् व्यक्तिलाई हेर्छौं, एउटा महान् सेवकलाई, वा एउटा महान् मण्डलीलाई हेर्छौं भने, ती सबै एकदिन नाश भएर जानेछ। र यदि हामीले एउटा महान् राष्ट्रलाई हेर्छौं, या एउटा महान् हतियारलाई हेर्छौं भने, तिनीहरु सबै एकदिन नाश भएर जानेछ। र तब हामी त्यहि कुराको विश्वासमा जिउनुपर्दछ, जुन कुरा विज्ञानले घोषणा गरेको छैन। यो विश्वासद्वारा हो जुन हामी विश्वास गर्दछौ।

41 अब, हामीले हाम्रो महिमा गुमाउछौ यदि हामीले विश्वास गुमाछौ भने। अब, यदि हामी विश्वासबाट टाढा गयौ भने, हामीले मण्डलीलाई बौद्धिक आयममा पुर्याउछौ।

42 र धेरै पटक, यो पनि मानिसहरुको माँझमा यो सोचियो, किनकी मण्डलीको ठूलो भएकै कारणले, र तिनीहरुसंग ठूला मण्डली भएकै कारणले, ठूलो धरहरा, र एउटा महान्, एकदमै धेरै राम्रो पोशाक लाएका र तयार पारिएका मानिसहरु, र धेरै अर्थतन्त्र भएको, जसले धेरै कुरा खरिद गर्न सक्षम छन्, धेरै पटक हामीले सोच्छौ कि त्यो प्रेरणादायी छ भनि, त्यो निस्चित मण्डली प्रेरित हुनुपर्दछ भनि सोच्छौ। या, हामीले धेरै पल्ट त्यस सेवकहरुलाई जनाउछौ जो कार्यक्षेत्रमा निस्किन्छन् र ठूलो भिड जम्मा हुन्छ, र हामी सोच्छौ, कहिले काहि, तिनीहरु प्रेरणाको चिन्हहरु हुन्। तर त्यो पूर्णरूपले सत्य होइन। त्यो मानवजातीय प्रेरणा हो।

43 तर साचो प्रेरणा त परमेश्वरको इच्छाको काम गरेर आउदछ। बुझ्नुभयो? चाहे त्यो एउटा होस्, या मात्रै मुट्ठीभर होस्। चाहे त्यो एउटा ठूलो मण्डली होस्, या एउटा सानो मण्डली होस्, त्यसले केहि फरक पर्दैन। चाहे उ एउटा महान् व्यक्ति, सुवक्ता होस्, या मात्र एउटा मानिस जसले गाह्रोसंग आफ्नो ए.बि.सी जानेको किन नहोस्, त्यसले केहि फरक पार्दैन। यो त्यस व्यक्तिले ल्याएको सुसंदेशमा भर पर्दछ कि त्यो परमेश्वरको वचनबाट प्रेरित छ, या मानविक बौद्धिकताले प्रेरित छ।

44 केहि मानिसहरु प्रेरित हुनसक्छन् किनकी उ सुवक्ता छ। त्यसले कुनै कुरा सहि गर्दैन। कहिले काही तिनीहरु यस कुराले प्रेरित हुन्छन् किनकि त्यो व्यक्ति यती सम्म प्रशिक्षित छ कि उनले आफ्नो तर्क माथि राख्न सक्दछ। त्यसको अर्थ यो होइन कि यो परमेश्वरबाट हो। बुझ्नुभयो?

45 र यो मात्र परमेश्वरको सदाकालको, अनन्त आशिषित वचनद्वारा मात्र हामीले प्रेरणा प्राप्त गर्दछौ, र त्यो पवित्र आत्माद्वारा दिईदछ। विश्वासद्वारा हामी प्राप्त गर्दछौ।

46 अब हामी मोसाको विषयमा सोच्दछौ, उनको जीवनको महान् समयको विषयमा। र हामी पछाडि पढ्नसक्छौ, उनको जन्मको बारेमा, कसरी परमेश्वरले उनको हेरचाह गर्नुभयो, तर मोसाको जीवनमा त्यहाँ यस्तो समय आएको थियो जहाँ त्यहाँ चुनाव गर्ने समय थियो। यदि हामीले सहि तरिकाले पढ्यौ भने हामीले पाउछौ कि उनी फारोको छोरीको पुत्र थिए, र सिंहासनको उत्तराधिकारी थिए, र उनी मिश्रको दोस्रो फारो हुनेवाला थिए। त्यसैले जसै उनले चारैतिर हेर्दथे उनले ध्यान दिन्थे, उनी परिपक्कताको उमेरमा

आइसके पछि, र त्यहा ती दासहरु हुन्थे जो त्यस विनाषको खाडलमा काम गरिरहेको हुन्थ्यो। र मोसाले, जसै ती दरवारको झ्यालहरुबाट भएर ती उही दासहरुलाई हेर्दथे जसलाई फारोले पनि त्यसरी हेरेका थिए, तर कति भिन्नता थियो ती हेराईहरुमा।

47 यस विहानमा, केहि मिनेटको लागि, म त्यो विचार आधारित गर्न चाहन्छु, र हुन सकोस् कि स्वर्गको परमेश्वरले प्रत्येक हृदयको घरमा यसलाइ लान सक्नुभएको होस्। यहि नै तरिकामा हो जुन तपाईले कुनै कुरालाई हेर्नुहुन्छ त्यसैले अन्तर ल्याउछ।

48 महान् सुसमाचार प्रचारक, जोन स्प्रल, जो भाई बोस्वोर्थको सेवकाईबाट परिवर्तन हुनुभएको थियो, जसलाई तपाईहरु कतिले याद गर्नुहुन्छ, धेरै वर्ष अगाडि त्यस पुरानो महिमाको धन्सारमा। उनले भनेका थिए, एक दिन उनी यात्रा गर्दै थिए, जुन उनको प्रिय साथी र पत्नीको निधन हुनुभन्दा अगाडी थियो। तिनीहरु ला साल्नी, लोर्रेन, फ्रान्समा थिए। र त्यहि ठाउ जाने मैले सौभाग्य पाएको थिए। र मार्ग दर्शकले तिनीहरुलाई बगैचाबाट भएर लादैथिए, तिनीहरुलाई फरक फरक कुराहरु देखाऊदै थिए। र तिनीहरु प्रभु येशुको कुनै निश्चित मूर्तिमा आईपुगे, क्रूसमा टांगेको। र श्रीमान् स्प्रल त्यहाँ उभिरहेका थिए, र त्यहाँ हेर्दै थिए, र उनी र उनको श्रीमती आफ्नो मनमा आलोचना गर्दै थिए कलाकारलाई वा मूर्तिकारको मस्तिस्कमा के थियो जब उनले एउटा ढुंगालाई खने, यस्तो भयानक देखिने एउटा चिज जसले प्रभु येशूको भोगाई र प्रेम र दया प्रतिनिधि गर्न प्रयोग गरे, र यो सबै अति निर्दय र काटिएको देखिन्छ। र मार्ग दर्शक श्रीमान् स्प्रल कहा आए र उनले भने, "श्रीमान्, मलाई लाग्छ तपाईले यो प्रभु येशूको मूर्तिलाई आलोचना गर्दैहुनुहुन्छ।"

र उनले भने, "हो मैले गरेको हो।"

49 र उनले भने, "म यस कुराले कत्ति पनि अचमित भएको छुईन, किनभने धेरै जसो मानिस जसले यसलाई हेर्छ, पहिलो पटक तिनीहरुले यसलाई आलोचना गर्छ।"

50 र श्रीमान् स्प्रलले भन्नुभयो, "किन मैले कुनै पनि यस्ता कुरामा हेर्दा दया वा प्रेरणा देख्न सक्दिन, त्यसैले म अचम्म भईरहेको छु कि मूर्तिकारले सबै किन यस्तै नै बनायो।"

51 "र मूर्तिकारले..." भन्यो, "श्रीमान् स्प्रल, यो मूर्ति सबै तरिकाले सहि छ, र मूर्तिकारको मस्तिस्कमा ठिक कुरानै थियो। तर समस्या कहाँ छ भने, त्यो तपाई संग छ। तपाईको हेर्ने नजरमा समस्या छ।" र उसले उनलाई र उनको श्रीमतीलाई हातमा समातेर लागे, र तिनीहरुलाई तल त्यस वेदितर्फ लगे जुन त्यस क्रूसको पाउ पट्टि थियो। र उनले भने, "अब, श्रीमान् स्प्रल, अब माथि हेर्नुहोस्।" र जब उनले माथि हेरे, उनले भने उनको हृदयले त्यो देख्न असफल भएको रहेछ। कति भिन्नता थियो, त्यहाँ उभिएर त्यसलाई *त्यो* तरिकामा हेर्दा, र तल आएर त्यसलाई जुन तारिकामा हेर्नलाई बनाईको थियो त्यसरी हेर्दा।

52 र त्यहि नै तरिकामा परमेश्वर हुनुहुन्छ। त्यहि नै तरिकामा विश्वास छ। यो तरिका हो यसमा हेर्नलाई। यदि तपाईले यसलाई कुनै तरिकाको इतिहासको बाईबलको रूपमा हेर्नुहुन्छ भने, त्यो गईसकेको दिनहरुको तरिकामा हेर्नुहुन्छ भने, तपाईले कहिल्यै

बाईबलको वास्तविक मूल्यको बारेमा बुझ्नुहुन्न। तपाईले खासमा आफ्नो घुडा टेकेर, र बाईबलको आज्ञाहरुलाई पालन गरेर, र पवित्र आत्माको आखाले हेर्नपर्ने हो।

53 म यो सोध्न चाहन्छु यस विहान श्रोताहरु माझ। त्यो इतिहासको परमेश्वरले हामीलाई के राम्रो गर्छर आज, यदि उहा उहि परमेश्वर हुनुहुन्न भने? त्यो परमेश्वर के राम्रो हुन्छ, जसले मोसालाई लिनुभयो र उनी संग चमत्कारका कामहरु गर्नुभयो जुन उहाले गर्नुभएको थियो, के असल हुन्छ र हाम्रो लागि त्यो परमेश्वरको बारेमा पढ्दामा यदि उहा आज उहि परमेश्वर रहनुभएन भने? के असल हुन्छ र त्यो परमेश्वर जसले आगोको भट्टीबाट हिब्रू बालकहरुलाई बचाउनुभयो, र आज उहा उहि परमेश्वर रहनुभएन भने? के राम्रो हुन्छ र त्यो परमेश्वर जसले पुराना दिनहरुमा असल गलतको न्याय गर्नुहुन्छ, र गलतलाई सजाय दिनुहुन्छ र सहिलाई आशिष दिनुहुन्छ, र यदि त्यो परमेश्वर आज उहि हुनुहुन्न भने? हामी मण्डली के को लागि जाने? किन हामी संसारको कुराहरुबाट अलग रहने, यदि उहा उहि न्यायको उहि परमेश्वर हुनुहुन्न भने, र उहि विचार हुनुहुन्न जो उहा सधै रहनुभएको थियो? के फाइदा हुन्छ त्यो परमेश्वरबाट जसले उग्र बिमार भएको स्त्रीको हातमा छुनुहुन्छ र बिमार बन्द हुन्छ यदि उहा आज उहि परमेश्वर हुनुहुन्न भने? यदि उहा आज त्यहि परमेश्वर हुनुहुन्न जसले आफ्नो मित्रलाई मरेको चार दिनपछि चिहानबाट बोलाउन सक्नुहुन्छ, त्यो परमेश्वरको सेवा गरेर के फाइदा?

54 विश्वासकै कारणले, हामी विश्वास गर्छौं कि कुनै महिमाको दिनमा उहाले हामीलाई यस पृथ्वीबाट बोलाउनुहुनेछ, चाहे हामी एक मुट्ठी खरानी भएता पनि। कसरी हामीले यसलाई साबित गर्छौं? हामीले यसलाई प्रामाणित गर्दैनौ। हामी यसलाई विश्वास गर्छौं। हामीलाई केहि कुरा प्रमाणित गर्न भनिएको छैन। हामीलाई विश्वास गर्नलाई चाहि भनीएको छ।

55 विश्वासकै कारणले *यो–र–यो* गर्यो। र एउटा जवान मानिसको रूपमा मोसाले, दरवारको झ्यालबाट उनले दासहरुलाई हेरे, उनले फोहोरी, मैलो, दुर्गन्दित दासहरुको झुण्डलाई देखे जुन फारोले देखेका थिए।

56 र जब फारो र ती मिश्रीहरुले तिनीहरुलाई हेर्थे, तिनीहरु कोहि नभएर केवल दासहरुका झुण्ड थिए। तिनीहरु मात्र त्यसमा राम्रा थिए; केवल मानवको माटो खन्ने, र फारोले बनाउन लागेका शहरहरु र भवनहरुका लागि माटोको इट्टा बनाउनको लागि मात्र फाइदा थियो। त्यो तरिकामा मिश्रीहरु र फारोले दासहरुलाई हेरेका थिए।

57 तर मोसाले, जब उनले तिनीहरुलाई हेरे, यो भिन्नै दृष्टि थियो मोसा। जब उनले देखे, झ्यालबाट भएर हेर्दा, ती हरेस खाएका मुहारहरु, त्यो आँशू जुन तिनीहरुका गालाबाट झरिरहेको थियो, तिनीहरुको कुप्रिएको शरीरहरू, उनले तिनीहरुलाई परमेश्वरको मानिसहरुको रूपमा हेरे। उनले तिनीहरुलाई दासहरुका रूपमा हेरेनन्। उनले तिनीहरुलाई परमेश्वरले चुन्नुभएको मानिसहरुको रूपमा हेरे।

58 र, ओ, जसै म यसमा भएर जादैछु, देशदेखि देश भएर, र राष्ट्रदेखि राष्ट्र भएर, प्रचार गरेको छु! मैले यो सानो मण्डलीको ढोकाहरुलाई छोडेर हिडेको दिन देखि, त्यो एउटा अन्तर संगठित संस्था हो, जुनमा कूनै व्यवस्था होइन तर प्रेम छ, कुनै पुस्तक होइन

तर बाईबल छ, कुनै सिद्धान्त होइन तर ख्रीष्ट छ, मैले परमेश्वरको छोराछोरीहरुलाई हेर्ने कोशिस गरेको थिए, ती बहिष्कृतहरुलाई, जो परमेश्वरद्वारा चुनिएका र चुनाव गरिएका मानिसहरु हुन्। म तिनीहरुलाई ब्रन्हाम टेबरनेकलको हो या होइन भनि सोध्दिन। म तिनीहरुलाई चाहे तिनीहरु मेथोदिष्ट, या तिनीहरु प्रेष्बिटेरियन, या तिनीहरु पेन्टिकोष्टल, या नाजेरिन, या पिलग्रिम होलिनेस हो या होइन भनि सोध्दिन। म मात्र तिनीहरुलाई परमेश्वरको मानिसहरुको रूपमा हेर्न चाहन्छु। र तिनीहरुको क्रियाकलाप र गतिविधि हेर्छ, कि तिनीहरु परमप्रभु परमेश्वरको दासहरु हुन्। र मेरो हृदयले तिनीहरुसंग संगति गर्ने आकांक्षा राख्दछ, चाहे तिनीहरुसंग जुनसुकै छाप किन नहोस्। म मात्र संगतिको चाहना गर्दछु। म तिनीहरुलाई प्रेम गर्छु किनभने म जान्दछु कि तिनीहरु परमेश्वरका मानिसहरु हूँन्।

59 जब म एउटा स्त्री तल सडकमा आईरहेको देख्छु, लामो स्कर्टमा, र लामो कपाल सफासंग कोरेको देक्छु, र—र शिष्ट देखिने पोशाकमा हिड्दछ; र मैले अर्को युवती देख्छु, हुन सक्छ उहि उमेरको होला, सानो कट्टुमा; हुनसक्छ देख्दामा उनी लामो कपाल भएको स्त्रीभन्दा दुइगुणा सुन्दर देखिएला, संसारको दृष्टि अनुसार, तर म त्यस स्त्रीको पक्ष लिनेछु जसले एउटा इसाईले जस्तो गरी पोशाक लगाएकी छिन्। यद्धपि तिनीहरु उनी प्रति हास्छन् होला, र उनलाई अन्धभक्त भनि बोलाउछन् होला, तरै पनि म मेरो पक्ष लिनेछु। उनी अर्को स्त्रीभन्दा सुन्दर नहोला, आकृतिमा, तर उनले केहि देखेकी छिन्। विश्वासको कारणले उनले उहालाई देखेकि छिन् जो अदृष्य हुनुहुन्छ, जसले उनको जीवन अगुवाई गरिरहनुभएको छ।

60 जब म देख्छु कुनै मानिसलाई उनको कार्यक्षेत्रमा, जसलाई "डिकन," या "प्रचारक," या "एउटा अन्धभक्त," भनि बोलाएको, किनभने उनी धुम्रपान, र मध्यपान, अरुले गरेको जस्तो नाचघरमा नाच्न चाहदैनन्, र त्यहि कारणले उनलाई "एक अन्धोभक्त" भनि बोलाईन्छ भने, मेरो हृदय त्यो मानिसको निम्ति जानेछ। उनी मेरो भाई हुँन्, यो मिश्रको माटोमा, त्यसले मेरो हृदयले उनलाई अँगालो हाल्न चाहन्छ र भन्छ, "भाई, हामी यो भूमिमा परदेशी र अन्जानहरु हौ, र म तिमीसंग संगति गर्ने इच्छा गर्दछु।"

मोसाले एउटा चुनाव गर्न पर्ने थियो, विश्वासद्वारा चुन्ने।

61 कतिजना जवान मानिसहरु फारोको छोरीको पुत्र बन्ने अवरमा उफ्रिएर अगी सर्थ्यो होला! कति जना जवान मानिसहरु त्यो मोसाले पाएको अवसरमा उफ्रिएर अगि बढ्थे होला, त्यो सबै मोजमस्तीमा र संसारको आकर्षणको आनन्द लिन, मिश्रको राजा बन्न, सारा संसार आफ्नो खुट्टा मुनि पार्न! "कति मूर्ख कुरा हो," भनि उनको समयका मानिसहरुले सोचेका थिए, "जब मोसाले आफ्नो ठाउ ती दीन दुखि र पिडामा परेका परमेश्वरको मानिसहरुमा चुने।"

62 उनले किन त्यसो गरे? विश्वासको कारणले, जब उनले आफ्नो आँखा उठाए, उनले यो संसारको मोजमस्तीको बाहिर भएर हेरे। उनको पापको मोजमस्तीको बाहिर भएर हेरे। र बाईबलले भन्छ उहा जो अदृष्य हुनुहुन्छ उनी उहालाई देखेर स्थिर रहे, विश्वासद्वारा जस्तो सुकै अवस्था आए तापनि उनले परमेश्वरको सेवा गर्नलाई चुने।

63 त्यो बद्लिएको छैन। हामीहरु धेरै जना हामीले अझै राम्रो भनिने भवनमा जान सक्छौ। हुनसक्छ, त्यो संगति र गिर्जाघरलाई अझै राम्रो स्थापित गर्ने सुखको हामीले आनन्द मनाउन सक्छौ। हामी अझै बढि प्रख्यात, पिउनमा र धुम्रपान गर्नमा, र संसार जस्तै पोशाक पहिरनमा र व्यवहार गर्नमा हुनसकौला। तर त्यसले के फरक पार्यो र? तपाईले आफ्नो आँखा माथि उठाउनुभएको छ, र जो अदृष्य हुनुहुन्छ उहालाई विश्वासद्वारा देख्नुभएको छ, र आफ्नो पक्ष ती बहिस्कृत र यस दिनका पवित्र भनाउदाहरुमा राख्नुभएको छ। किनकि जो अदृष्य हुनुहुन्छ उहालाई हामी विश्वासद्वारा देख्दछौ, र दुखिसंग दुख र सतावट भोग्नलाई चुन्नुभएको छ।

64 म मानिसहरुलाई यो भन्दिन कि तिनीहरुले दुखि हुनको लागि चुन्नुपर्दछ। म यो भन्दिन कि तपाईले कष्ट चुन्नुपर्छ भनि। यो मनावजातिले गर्ने कुरा हुनेछैन। तर यदि कार्यको विचमा कष्ट आउछ भने, त्यसलाई जस्तो रूपमा आउछ त्यसरी नै स्वीकार्नुहोस्। म तपाईलाई यस्तो कुरा गर्नुहोस् भन्दिन जुन कुराले कसैले तपाइको हासो उडाओस्। म तपाईलाई भिन्नै कुरा भनेको चाहन्न, कि, “म...म त्यो मण्डलीको हूँ जसले यो संसारमा *यो र त्यो* मा विश्वास गर्दैन।” र त्यस्तै कुराहरुमा, मात्रै तपाईलाई अरु मानिसले हासोमा उडाउनको लागि त्यसो भनेको चाहन्न। यो तपाईले आफैमा ल्याउनुभएको छ। म तपाईलाई यहाबाट बाहिर गएर कुनै कट्टरपन्थी हुनु भनि भन्दिन। म तपाईले त्यसो गरेको चाहदिन, ताकी कसैले तपाईलाई तपाई एउटा आन्धो भक्त भनेको नहोस्। त्यो तपाईले आफैमा ल्याउनुहुन्छ। तर यदि त्यो तपाईको परमेश्वरप्रतिको कर्तव्यको मार्गमा आउछ भने, संसारलाई जे भन्नुछ भन्न दिनुहोस्। तपाई त्यसैमा जिउदै जानुहोस्।

तपाईले आफ्नो चुनाव गर्नुहोस्। प्रत्येक पुरुष र स्त्रीले यो गर्नु पर्दछ।

65 यदि मोसाले जे देखेका थिए त्यहि नै फारोले देखेका भए के हुनेथियो? उनले मानिसहरुले कष्ट भोगिरहेका देखेका थिए। उनले जानेका थिए कि मूल्य के चुकाउनु थियो भनि। तर विश्वास कै कारण संसारको मोजमस्ती भन्दा बरु उनले यो नै चुने।

66 त्यहाँ साना जवान युवतीहरु बसिरहेका हुनसक्छन् यहा, एउटा आकर्षक जवान युवतीको रूपमा। संसारले तपाईलाई यस्तो भन्न रुचाउछन्, “*यस्तो गर–र–त्यस्तो गर।* तिमी सुन्दर छौ। तिम्रो शरीर कत्ति राम्रो मिलेको छ। तिमीले त्यो शरीर देखाउनु पर्छ।”

67 तर, मेरा दिदि बहिनीहरु, तपाइको दृष्टि उचाल्नुहोस् र त्यो भन्दा बाहिर हेर्नुहोस्, र त्यसो भन्नेलाई यसो भन्नुहोस्, “पुरुष सम्बन्धित लुगा लगाउनु एक स्त्रीको लागि घृणित कुरा हो।”

68 यदि तपाईको समाजका पुरुषहरुले, या त यदि स्त्रीहरु जोसंग तपाई सम्बन्धित हुनुहुन्छ, यसो भन्यो भने, “त्यो लामो कपाल काटिदेउ। यो शितल हुनेछ। यो *यस्तो* हुनेछ, या *त्यस्तो*, या *अरु* नै हुनेछ।” वा, “यसले तिमीलाई अझै राम्रो बनाउने छ।” तिनीहरुलाई नसुन्नुस्!

69 तपाईको आँखा उचाल्नुहोस्, र विश्वासद्वारा त्यसो भन्नेलाई देखाउनुहोस्, “स्त्रीको कपालनै उसको महिमा हो, र उसले कपाल काट्नु हुदैन।”

70 यदि तिनीहरुले यसो भन्यो भने, "यो प्रख्यात हुनेछ। तिम्रो जागिरमा अझै बलियो गरि उभिन सक्छौ, या तिम्रो मालिक को सामू राम्रो ठहरिन्छौ, यदि तिमीले सामाजिक खालको मध्यपान गर्यौं भने। यदि तिमीले अरु महिलाहरुले झैँ गरी धुम्रपान गर्न सक्यौ भने, तिमी अझै सामाजिक रूपमा स्थापित हुनेछौ तिम्रो छिमेकीको माझमा।"

71 विश्वासद्वारा आफ्नो आँखा उठाउनुहोस् र उहालाई हेर्नुहोस् जसले यो भन्नुभयो, "यो शरीरलाई दूषित मात्र बना, र म त्यसलाई नष्ट पार्नेछु।" विश्वासद्वारा हामी यी कुराहरु विश्वास गर्दछौ। त्यो यो होइन जुन तिमीले देखेको थियौ। त्यो यो हो जुन तिमीले विश्वास गरेका छौ। विश्वासकै कारणले मोसाले गरेका थिए।

72 र यो विश्वासको हिडाईमा, त्यहाँ यस्तो समय आउछ जहाँ यो छनोट गरिनुपर्दछ।

73 लोतले त्यो निराशजनक गल्ति गरे जुन हामीले गर्यौं। धेरै जसो समय हामीले आफ्नै राम्रोको लागि छनोट गर्छौं। हामीले त्यो कुरा चुन्छौ जुन राम्रो हुने गर्छ।

74 कहिले काहि यदि मण्डलीमा त्यहाँ एउटा सानो झगडा पर्यो भने, र कसैले यसो भन्यो भने, "ठिक छ, त्यो डिकन वा पाष्टर यसको पक्षमा छ।" त्यसमा नहेर्नुहोस्। के चाहि धार्मिक छ त्यसमा हेर्नुहोस्। ती कुराहरुलाई बाहिर निकाल्नुहोस् र ती दुवैलाई एकै ठाउमा ल्यानुस्। त्यो इश्वरीय हो।

75 त्यो एउटा छनोट हो। र हामी आफ्नै लागि छान्छौ। हामीले केहि कुरा चुन्छौ किनकि त्यो हाम्रो आफ्नै राम्रोको लागि हो।

76 तर मोसाले दुख र अपमानलाई चुने, ताकि उनी परमेश्वरको मानिसहरुसंग हिड्न पाएको होस्। यसको विषयमा सोच्नुहोस्। यसलाई सुन्नुहोस्। "परमेश्वरको मानिसहरुको दुखहरु चुने, र त्यसलाई नै ठूलो धन ठाने, किनकि उनी दृढ भए, उहालाई देखेर जो अदृष्य हुनुहुन्छ।"

अब, लोतले एकपटक छनोट गर्नुपर्ने थियो।

77 र हुनसक्छ, यो बिहानीमा, यहाँ ती पुरुष र महिलाहरु बसेका छन्, जसले तपाइको अन्तिम छनोट गर्नेछ। तपाई आज जे हुनुहुन्छ यसकारणले हुनुहुन्छ, किनभने केहि वर्ष अगि तपाईले तपाई आज जे हुनुहुन्छ त्यो हुनलाई चुन्नु भयो। र जे अहिले तपाईले चुन्नुहुन्छ त्यसले निर्धारण गर्छ कि तपाई आजको दिनबाट पाँच वर्षपछि के हुनुहुनेछ भनि। हुनसक्छ आजको पाँच वर्षपछि तपाई एउटा प्रचार बन्नुहुनेछ होला। आजको पाँच वर्षपछि तपाई एउटा प्रसिद्ध इसाई पनि बन्न सक्नुहुन्छ होला।

78 या, आजको पाँच वर्षपछि तपाई नरकमा पनि हुनसक्ला, किनभने तपाईले गलत निर्णय लिनुभयो। आजको पाँच वर्षपछि हुनसक्छ तपाई कुनै बारमा फोहोर सफा गरिरहेको हुनपनि सक्छ। आजको पाँच वर्षपछि तपाई सडकमा एउटा व्यश्यावृत्तिमा पो हुन्छ कि।

79 या, तपाई समाजको निम्ति एउटा श्रेयको एउटा पुरुष या एउटा स्त्री हुनसक्नुहुन्छ, कारण ख्रीष्टको लागि तपाइको चुनाव हुनसक्छ। आजको पाँच वर्षपछि तपाई महिमामा हुन सक्नुहुनेछ, यर्पाच्चरमा गएको हुनसक्छ, कारण तपाईले आज नै आफ्नो निर्णय गर्नुभयो।

80 तर तपाईले छनोट गर्नुनै पर्दछ। र तपाईको कुराले के देखुनुहुन्छ त्यसमा नहेर्नुहोस्। तपाईले विश्वासबाट जे देख्नुहुन्छ त्यसलाई हेर्नुहोस्। त्यो मात्रै एउटा कुरा हो जुन गन्तिमा आउदछ, जुन तपाईले विश्वास द्वारा चुन्नुभयो।

81 जसरी लोतले चुन्नु पर्ने थिए। अब्राहामले लोतलाई उनले चुनेको कुरा दिए।

82 र परमेश्वरले तपाईले चुनेको तपाईले दिनुहुन्छ। "तिमी कसको सेवा गर्छौ आजको दिन मा चुन।" अदनको बगैंचामा त्यहाँ एउटा ज्ञानको रूख थियो र एउटा जीवनको रूख थियो। र मानिसलाई आफूले इच्छा गरे अनुसार ती मध्ये एउटा चुन्ने सौभाग्य दिईएको थियो। र त्यहि नै तरिकामा आज पनि छ। तपाईलाई तपाईको सौभाग्य दिईएको छ, एउटा नैतिक अधिकारको रूपमा, त्यो चुन्नको लागि जुन तपाई चुन्न चाहनुहुन्छ।

83 मेरो सुझाव यो छ तपाईलाई, कि चारैतिर भएको तपाई बन्नसक्ने आधुनिक कुरालाई, र लोकप्रियतालाई र आकर्षणलाई नहेर्नुहोस्। बरु विश्वासद्वारा उहा जसले प्रतिज्ञा दिनुहुन्छ कि उहा आउनुहुनेछ र सबै गल्तिहरुलाई सहि तुल्याउनुहुन्छ, र तपाईलाई अनन्त जीवन दिनुहुन्छ, र तपाईलाई माथि उठाउनुहुन्छ, उहालाई चुन्नुहोस्। तपाईले प्रभुसंग केहि अपहेलनाको बाटो लिनुपरेता पनि केहि फरक पर्दैन, त्यो नै चुन्नुहोस्। यदि त्यहाँ हातमा समस्या छ भने, यदि त्यहाँ भूमीमा समस्याहरु छन् भने, यदि त्यहाँ मण्डलीमा समस्याहरु छन् भने, यदि त्यहाँ घरमा समस्याहरु छन् भने, जहाँ सुकै होस् त्यसले केहि फरक पार्दैन, तपाईको छनोट गर्नुहोस्। "विश्वासद्वारा म परमेश्वरको सेवा गर्नेछु। म उहाको उपस्थितिमा मेरो हृदय नम्र तुल्याउने छु। म परमेश्वरको छोराछोरीहरु संग आफ्नो बाटो शामिल गर्नेछु। मैले तिनीहरुलाई अपहेलित र तिरष्कृत, बाहिर निकालिएको र हासो बनाएको देखेको छु, तर अझै पनि म मेरो कर्तव्यको पद लिनेछु। म ठिक रूपमा त्यसमा रहनेछु। र जब तिनीहरु रूनेछन् म पनि तिनीहरु संगै रुनेछु। र जब त्यहाँ शोक हुनेछ म पनि तिनीहरु संगै शोकित हुनेछु। जुन तरिकामा तिनीहरु जिउनेछन् त्यो तरिकामा म जिउनेछु।"

84 जस्तो नाओमीले भनेका थिए...या, रूथले नाओमीलाई भनेका थिए, "तिम्रो बाटो मेरो बाटो हुनेछ। जहाँ तिमी बस्नेछौ त्यहाँ म बस्नेछु। तिमी जहाँ जान्छौ म त्यहा जानेछु। तिमीले सेवा गर्ने परमेश्वर मेरो परमेश्वर हुनेछ।" त्यो छनोट लिनुहोस्, यद्धपि यसले तपाई केहि हुनुहुन्छ भन्ने तपाईको विचारको विवेकको छालालाई तानेर छोड्छ। आफैलाई ती कुराबाट निकाल्नुहोस् र प्रभुका थोरै अपहेलितसंग रहनुहोस, र आफ्नो कार्यक्षेत्रको सेवामा र कर्तव्यको पदमा इमान्दार रहनुहोस्।

85 लोतले चारै तिर हेरे। उनले भने, "मैले एउटा चुनेको छु।" र उनले सोदोम तिर हेरे। उनले त्यो राम्रो घाँसे भूमिलाई अब्राहमले देखेको कुरा र अब्राहम भएको ठाउ भन्दा उत्तम देखे। उनले आफ्नो गाईवस्तुलाई त्यहाँ चराउन, र मोटो र राम्रो गाईवस्तु बनाउने राम्रो अवसर देखे।

86 मलाई आशा छ कि मैले कसैको चित्त दुखाईराको छुइन। तर त्यो नै धेरै जस्तो प्रचारकहरुको उभिने ठाउ भएको छ, सुसमारलाई सम्झौता गर्ने, यो सोचेर कि तिनीहरुले यसबाट धेरै पैसा पाउन सक्छन् [भाई ब्रन्हामले आफ्नो हात तिन पटक पड्काउनु हुन्छ—

सम्पा] एउटा खानाको टिकटको रूपमा! जीवित परमेश्वरको वचनमा मेरो विश्वासको वाचामा सम्झौता गर्नुभन्दा बरु म बाजो जमिनमा बस्नेछु, त्यहि हाँगाबाट खानेछु, पिउनेछु, र सोडा क्रेकर्स खानेछु। म मेरो बाटो लिनेछु।

87 कसैले भनेको थियो, "विल्ली, तिम्रो सभाको के भको, जस्तो त्यहाँ धेरै पेन्टिकोष्टलहरु देखिन्छन्।" एउटा ठूलो नामधारी संगठित मण्डलीको सेवकले त्यसो भनेको थियो।

मैले भने, "के तिम्रो संगठित मण्डलीले मेरो सभालाई प्रायोजन गर्छ त?

88 धेरै समय भएको छैन, म विश्वास गर्छु, *लूक* पत्रिकामा त्यसमा एउटा लेख थियो। र लेखकले त्यहाँ भनेको थियो, पेन्टिकोष्टल मानिसहरुको विषयमा भनेका थिए। उनले भनेका थिए, "पेन्टिकोष्टल मण्डली चाहि आजको संसारमा छिटो बढिरहेको मण्डली हो।" किन? किनभने पुरुष र स्त्रीहरुले आफ्नो आँखा माथि उठाएका छन् र धेरै परसम्म हेरेका छन्।

89 र लेखकले पेन्टिकोष्टल मानिसहरुलाई बधाई पनि दिए। ओ, निश्यनै, उनले भने, "त्यहाँ कतिपय थिए जो कट्टरपन्थी भएर गए, र त्यस्तै भए। तर, मेथोडिष्टले धार्मिक सिद्धन्तलाई पूजा गरे। तिनीहरुले परमेश्वरलाई सिद्धान्तद्वारा आराधना गरे। र ब्याप्टिष्ट र प्रेष्बिटेरियनले पनि त्यहिनै गरे। तर पेन्टिकोष्टलले उहाको बाईबलद्वारा आराधना गरे।"

90 विश्वासद्वारा हामीले प्रतिज्ञालाई देख्दछौ। मेरो पक्ष म तिनीहरुसंग लिनेछु, चाहे तिनीहरु जतिसुकै अपहेलित किन नहोस्, म अझै पनि तिनीहरु मध्येकै एक हूँ। चाहे तिनीहरुको हसी उडाए तापनि, र तिनीहरुको उत्तारचडावहरु भए तापनि, जसरी इस्रायलले गरेको थियो, म कहिल्यै त्यो पर्वतको झूटा अगमवक्तासंग खडा हुन चाहदिन, बालम जस्तै, र जे परमेश्वरले आशिषित गराउनुभएको छ त्यसलाई श्राप दिने प्रयास गर्दिन। किनभने त्यो पालमा तोडिएको चट्टान छ, रगताम्मे बलिदान छ, र एउटा आगोको खामो छ। तिनीहरु कहाँ छन् त्यसको वास्ता भएन तर यसले तिनीहरुलाई विजय तर्फ डोहोर्याउदैछ, र तिनीहरु त्यसमा आउनुपर्दछ, किनभने तिनीहरु प्रतिज्ञा गरिएका मानिसहरु हून् जो विश्वासद्वारा हिडिरहेका छन्। तिनीहरु संगठित संस्था नभए तापनि, तिनीहरु फिरन्तेहरु थिए, र त्यसरी नै परमेश्वरका मानिसहरु पनि छन्। तर म तिनीहरुसंग आफ्नो मार्ग लिन चाहन्छु, तिनीहरुको दर्जामा शामिल हुन चाहन्छु; तिनीहरुको संगठित संस्थामा त होइन, तर परमेश्वरको अनन्त आत्माको लेखहरुको वरपरको तिनीहरुको संगतिमा, जुन, विश्वासद्वारा पवित्र आत्माको बप्तिष्मा मैले प्राप्त गरेको छु। परमेश्वर मलाई यहि मनोवृत्ति सधै राख्न मद्दत गर्नुहोस्।

91 ध्यान दिनुहोस्, जसै तिनीहरु अगी बढ्दै गए, लोतले आफ्नो गाइवस्तुलाइ राम्ररी हुर्काउने अवसर देखेका हामीले पाउछौ। धेरैले मोटो खल्ती बनाउने अवसरहरु देख्छन्। धेरै जनाले अझै राम्रो सामाजिक पकड बनाउन सक्ने अवसरहरु देख्छन्। उनले अझै केहि बढि डलर कमाउने सम्भावना देखे। उनले शहरको नगरप्रमुक बन्ने सम्भावना देखे। उनी एक अन्जान व्यक्ति भएकोले, र केहि होसियार व्यक्ति भएकोले, जस्तो उनी थिए, उनले सोचे, "हुनसक्छ म शहरको प्रमूख व्यक्ति पनि बन्न सक्छु।" उनले ती सम्भावनाहरु देखे

किनभने ती कुरा उनको अगाडि देखा परिरहेको थियो। तर उनले त्यो आगो देखेनन् जुन त्यो भूमिलाई नष्ट पार्नेवाला थियो। त्यो भूमि पूर्णरूपले पापमा थियो र परमेश्वरले त्यसलाई नाश गर्नुपर्दथ्यो भनि उनी आफैले आफैलाई बुझाउन सकेनन्।

92 र, आजको दिनमा, मानिसहरुले आफुले आफैलाई यो भनेर मिलाउन खोज्छ, "के तपाई...?"

मैले भन्छु, "के तपाई इसाई हो?"

93 तिनीहरुले भन्छन्, "म एक अमेरिकी हू।" त्यो संग यसको केहि सम्बन्ध छैन, यो त कागलाई त एउटा भ्यागुता थिईस् भन्नु जस्तै नै हो। यसको त्यो संग केहि सरोकार नै छैन। [भाई ब्रन्हामले आफ्नो हात एक पटक पड्काउनु हुन्छ—सम्पा]

94 त्यो नाश गरिनेवाला छ, किनभने परमेश्वर न्यायसंगत हुनुहुन्छ। र यदि अमेरिका आफ्नो पापहरुबाट उम्क्यो भने, न्यायी र स्वाभिमान, पवित्र परमेश्वरले सोदोम र गमोरालाई फेरी बौरी उठाएर तिनीहरुले पाप गरेको हुनाले, तिनीहरुलाई आगोले जलाएको कारणले, तिनीहरुसंग माफी माग्नु पर्दछ, यदि उहाले हामीलाई त्यसबाट छोडिनुदिनुभयो भने।

95 यदि उहाले तपाईलाई तपाईले अन्यायका कामहरु गर्दागर्दै पनि स्वर्ग जान दिनुहुन्छ भने, उहाले हननिया र सफिरालाई फेरी जीवित उठाई तिनीहरुलाई अर्को अवसर दिनुपर्दछ। उहाले निश्चयनै यो गर्नुपर्दछ। तर उहा न्यायसंगत हुनुहुन्छ। हननियाले उनको पैसा देखे। पत्रुसले ख्रीष्टलाई देखे।

96 ओ! लोतले त्यो ठाउमा उनका छोराछोरीको विनाश देखेनन्।

97 आज, तपाईहरु धेरैजना, ती पुराना औपचारिक मनाव निर्मित सिद्धान्त र त्यस्तै कुराहरुलाई पक्रिराखेकोले, तपाईले त्यो किशोरावस्थावाला अपराध र तपाईका छोराछोरीहरुका नाश देख्नुहुन्न। तपाईले आफ्नो छोरीलाई व्यश्यालयमा देख्नुहुन्न। तपाईले आफ्नो छोरालाई एउटा जडिया या कतै ठेलगाडामा देख्नुभएको हुन्न।

98 "किनकि त्यो जमिन राम्रो पानीले भिजेको र मलिलो जमिन थियो।" र पापलाई छोईएको छैन। जब उनले हेरे तब उनले आफ्नो श्रीमती जो सबै समाजहरुको टाउके थिए, उनलाई नूनको ढीक्काको खम्बामा परिणत भएको देखेनन्। उनले आफूलाई केवल उनको दाँतको किनारमा भएर त्यो एउटा सानो शहरबाट आफ्नो जीवन बचाउन भागेको देखेनन्। उनले ती कुराहरु देखेनन् किनभने उनले त्यो मात्र हेरे जुन उनको अगाडि देखा परेका थिए।

99 तर, अब्राहामले त्यो राम्रो पानीले भिजेको जमिनलाई ध्यान दिएनन्, किनकि उनले आफ्नो आँखा माथितिर उठाए र भोलिको दिनहरुलाई देखे, किनकि उनी सबै कुराका हकदार हुनेवाला थिए। आजका सच्चा इसाईले आफ्नो आँखा माथि उठाउछन् र ख्रीष्टको प्रतिज्ञालाई देख्छन्: "धन्य नम्रहरु, किनभने तिनीहरुले पृथ्वीको अधिकार पाउनेछन्।" सच्चा इसाईले, विश्वासद्वारा, माथि हेर्दछ र त्यसलाई देख्दछ। उनलाई तपाईले चाहेको जे सुकै बोलाउनुहोस्। उनले आफ्नो आँखा माथि उठाए। र जब उनले त्यसो गरे, परमेश्वरले

भन्नुभयो, "अब्राहाम, त्यो भूमीमा भएर जा, र त्यो सबै तेरो हो।" विश्वासद्वारा अब्राहामले त्यसो गरे; त्यहि विश्वास जुन मोसासंग थियो...

100 यो एउटा टिप्पणीकारले लेखेका थिए, जसले यसो भन्यो। मलाई लाग्छ त्यो एउटा सबैभन्दा सुन्दर शब्द थियो। कि अब्रा..."मोसाले संसारको सर्वश्रेष्ठलाई लिए र एउटा स्तरमा राखे; र धर्मको सबैभन्दा खराबलाई लिए, र अर्को स्तरमा राखे, र सबैभन्दा खराब धर्मले संसारको सबैभन्दा राम्रो वचन लियो।"

101 त्यस्तै नै आजपनि छ, कि यदि हामीलाई कुनै पनि कुरा भनि बोलाईन्छ जुन बोलाएको हामी चाहन्छौ, "कट्टरपन्थी," या "दिव्य चिकित्सक," या "पवित्र भनाउदाहरु," या जे केही तिनीहरु भन्न चाहन्छन्। सबैभन्दा खराब त यो छ कि हामी दुनियाले दिनसक्ने सबैभन्दा राम्रोबाट बाहिर भारी हुनसक्दछौ। तिनीहरु "पुरानो–शैली, पुरानो धूमिल, कट्टरपन्थी" बोलाएको चाहन्छन्। यसले शैतानले तपाईलाई दिनसक्ने सबैभन्दा राम्रो कुरासंग अधिक वजन बनाउदछ। यो सब निश्चित रूपले हुनेछ...

102 मोसाले ख्रीष्टको निन्दालाई सम्मान गरे। उनले ख्रीष्टलाई पूर्वदृष्टिले देखेका थिए। पछि उनले उहाको बारेमा केहि शक्तिशाली प्रेरणादायी कुरा भने। "बुझ्नुभयो, परमप्रभु तिमीहरुका परमेश्वरले तिमीहरू मध्येबाट म जस्तै एकजना अगमवक्ता तिमीहरुका निम्ति खडा गर्नुहुनेछ।" उनले थाहा पाएका थिए। उनले पूर्वदृष्टिले उहालाई देखेका थिए, र उनले संसारका सबै आकर्षणहरु भन्दा उहाको निन्दानै मूल्यवान सम्पति ठाने।

103 इसाई मित्रहरु, आज, के तपाईले त्यस्तो गर्न सक्नुहुन्न? र संसारको सबै आकर्षण र प्रशिद्धपन, विश्वासद्वारा, हामीले उहालाई देख्छौ जसले प्रतिज्ञा गर्नुभयो। र आजको मण्डलीको सबैभन्दा खराबी, आफ्नो सबै अवस्थाहरुमा यो छ कि, यसले शैतानले दिने हरेक कुरामा भारी भई बसिदिन्छ। यदि हामी नामधारी संगठित संस्थामा र कट्टरपन्थीमा च्यातिएका छौ भने, यदि हामी टुक्रा टुक्रामा भाचिएका छौ भने, यदि हामी अल्मलिएका र टुक्रीएका छौ भने, यसले शैतानले तपाईलाई दिने कुनै पनि कुराले भारी बनाइदिन्छ। निश्चय नै हो।

104 उनले ख्रीष्टको निन्दा नै मिश्रका खजानाहरु भन्दा ठूलो सम्पति ठाने। तब उनले केहि गर्नुपर्दथ्यो। उनले मिश्रलाई त्यागे। ओ, मैले त्यो शब्दलाई प्रेम गर्छु। उनले मिश्रलाई त्यागे। बुझ्नुभयो, उनले उहि झ्यालबाट हेरेका थिए, तर उनले फरोको भन्दा भिन्न कुरा देखे। के हुन्थ्यो यदि फारोले आफ्नो अन्त्य देखेको भए? के हुन्थ्यो यदि फारोले आफ्नो देश डुबिरहेको देखेको भए? मोसाले त्यो देख्यो। कसरी? विज्ञानद्वारा हो? विश्वासद्वारा, मोसाले त्यो देख्यो। सबै कुरा जुन गरे त्यो विश्वासद्वारा थियो, किनभने परमेश्वरले अब्राहम, उनका पूर्खालाई प्रतिज्ञा गर्नुभएको थियो, कि उहाले—उहाले त्यस जातिलाई चारसय वर्षपछि भेट्न जानुहुनेछ, र तिनीहरुलाई निकालेर ल्याउनुहुनेछ। र विश्वासद्वारा, मोसाले परमेश्वरले भन्नुभएको वचन विश्वास गरे, र जसरी विश्वासद्वारा उनले तिनीहरुलाई त्यहाँबाट निकालेर ल्याउनलाई चुनिएको अगूवा भनि आफैलाई चिने। उनले जानेका थिए उनी कहाँ थिए भनि। उनले आफ्नो स्थान त्यो विनाशको खाडलमा लिए, एउटा माटो खन्ने व्यक्ति भई, र मिश्रको सिंहासनमा बस्नुभन्दा ख्रीष्टको निन्दालाई ठूलो सम्पति भनि गन्ति गरे।

उनले लिए...उनले कहिल्यै पनि भनेनन्, "मैले त्यससंग सहानुभूतिमा बसे।" उनले तिनीहरुको ठाउ लिए र तिनीहरु संग गए! महिमा होस्...उनले तिनीहरुको ठाउ लिए। हामी तिनीहरु संगै गयौ।

105 केहि आश्चर्य छैन कि प्रेरित भएका लेखकले यो भने:

म प्रभुको ती थोरै अपहेलितसंग बाटो लिदछु।
मैले येशू भित्र शुरुवात गरे, अब म त्यसैमा भएर जादै छु।
म कनानको भूमिमा जानलाई बाटो हिडिरहेको छु।(निश्चय नै)

106 मोसा। यो एकजनाले भनेका थिए कि, जब उनी फारोको छोरा भएर र संसारको आकर्षण आफूसंग पाउन सक्दथ्यो, तर उनी फारोको छोरा हुनुभन्दा त अब्राहामको छोरा बन्नुनै असल हुन्थ्यो। फारोको छोरा राजा हुनुभन्दा, अपहेलित अब्राहामको छोरा हुनुनै असल हुदछ...

107 संयुक्त राज्य अमेरिकाको राष्ट्रपति बन्नु भन्दा, वा एल्विस प्रेस्ली, या प्याट बून वा तपाई जे सुकै बनाउन चाहनुहुन्छ त्यो बन्नुभन्दा बरु म प्रभू येशू पुत्र बन्न चाहन्छु, र उहाको संगी दास बन्न चाहन्छु, र मेरो ठाउ यस संसारबाट तिरष्कृत गरिएको मानिसहरु संग बनाउन चाहन्छु। म मेरो बाटो लिनेछु।

108 जवान युवतीहरु तिनीहरुको ठाउ लिनुहोस्। ना कि एउटा मेरी पिक्फोर्ड, वा केहि रजतपटको महान् तारा बन्नुभन्दा, वा केहि आकर्षित स्त्री भन्दा, ती केहि अपहेलित प्रभुको मानिसहरुसंग आफ्नो बाटो लिनुहोस्।

109 म बरु पुल्पिटमा एउटा प्रचारक बन्छु, ख्रीष्टको खोज्न नसकिने सम्पतिहरुको प्रचार गर्न चाहन्छु, नाकी कुनै हलिवूडको तारा बन्न, वा पृथ्वीको महान् व्यक्ति बन्न। यदि मैले थोरै खान, माग्न वा मैले जे गर्न परे तापनि, म मेरो बाटो परमेश्वरका मानिसहरु संग लिनेछु। विश्वास द्वारा म त्यो गर्नेछु। मलाई अवसरहरू प्रदान गरिएको थियो। तर, परमेश्वरको अनुग्रहद्वारा, म अझै पनि विश्वासद्वारा हेर्दछु।

विश्वासद्वारा म टाढासम्म हेर्नसक्छु
र हाम्रा पिताले बाटोमा प्रतिक्षा गर्नुहुन्छ
हामीलाई त्यहाँ एउटा निवास तयार गर्नको लागि

110 कुनै दिन, कर उठाउने व्यक्तिले यसो भनेका थिए, "किन तिमीले आफ्नो घरलाई त्यो गिर्जाघरमा परिणत गरेको? के कुराले तिमीलाई पच्चीस हजार डलरको घर त्यो पुरानो वकवास देखिने मण्डलीलाई दिने मन गरायो?"

111 मैले भने, "मैले मण्डलीलाई गरेको होइन। त्यो त मानिसहरु हुन् जो त्यहाँ छन्।" मसंग यो संसारका सामानहरु मध्य केहि छैन। प्रत्येक पैसा मैले लिएको छु त्यो यो मण्डलीमा परिणत भएको छ। किन? मेरो विश्वास परमेश्वरमा छ, संसारका थोकहरुमा होइन। मेरो स्नेह माथितिर छ। र म विश्वास गर्छु कि तपाईहरु सबैको पनि उहि हो, यदि तपाई ठिक परमेश्वरसंग हुनुहुन्छ भने। त्यो सत्य हो कि तपाई त्यहि हुनुहुन्छ। हामी, विश्वासद्वारा प्राप्त गर्दछौ। हामी विश्वासद्वारा, परमेश्वरमा विश्वास गर्छौ।

112 मोसा, उनले आफ्नो छनोट गर्नुपर्थ्यो। र त्यसपछि आफ्नो छनोट गरेपछि उनले विश्वासको लडाई गर्नुपर्थ्यो, त्यसपछि उनले राजाको क्रोधको भय मानेनन्। अब, मानव भएको नाताले, उनीसंग क्रोधको भय मान्ने अधिकार थियो। उनीसंग राजाको क्रोधको भय मान्ने अधिकार थियो, तर उनले त्यसो गरेनन्। उनले त्यसो गरेनन् किनभने गर्नको निम्ति कार्य थियो, र उनी कर्तव्यको पंक्तिमा थिए। र उनले वास्ता गरेनन् कि राजाले त्यस विषयमा के भने। उनले आफ्नो बाटो केवल उहि तरिकामा लिए।

113 अब, फारो, पक्कै पनि, जब उनले आफू पराजित भएको देखे, उनले मोसा र छोराछोरीलाई दिन चाहे...उनले भने, "सब ठिक छ, म तलाई भन्नेछु म गर्नेछु भनि। तिमीहरु सबै केवल यहि भूमिमा बस्नेछौ र बाहिर जाउ र आफ्नो परमेश्वरलाई बलिदान चढाउ।"

114 त्यहि नै तरिकामा शैतानले काम गर्छ। "ओ, तिमी धार्मिक हुनसक्छौ। किन तिमी गएर कुनै एउटा मण्डलीमा शामिल हुदैनौ? तिमीलाई यो सबै गरि राख्नु नै पर्दैन नि।" एउटा मानिसले आफ्नो श्रीमतीलाई भन्छ...

115 श्रीमतीले भन्छिन्, "श्रीमान्, मेरो उद्धार गरिएको छ। कुनै अरु म्यान्युक्योर, वा लिपस्टिक र ती कुराहरु अब पर्दैन। कुनै यो भन्दा ज्यादा परेन। कुनै मोजमस्तीको भोजहरु परेन। कुनै अझै यी समाजका थोकहरु चाहिएन। म यसकुराबाट बाहिर आईसकेको छु! म मेरो समय वचन पढ्नमा राख्नेछु, घरलाई समय दिई घरको हेरचाहमा राख्नेछु।"

116 "अब, हेर प्रिय। तिमी, तिमी धार्मिक हुनसक्छौ, त्यो सबै ठिक छ। अब, हेर, तिमी—तिमी *यहाँनिर* जाउ। तिमीले गलत मण्डली पायौ।"

117 होइन, तपाईले गलत पाएको होइन। तपाई सहिमा नै हुनुहुन्छ। यदि तपाईको प्रचार त्यो छ जसले त्यो प्रचार गर्नेछ भने, तपाई त्यसैमा बस्नुपर्छ। गएर वचनमा खोज्नुहोस् र तपाईले त्यो सहि भेट्टाउनुहुन्छ।

118 "ओ," भन्यो, "*यहाँनिर* जाउ। तिनीहरुले—तिनीहरुले त्यो सबै यहाँनिर गर्न पर्दैन। बुझ्नुभयो? तिनीहरुले यहाँनिर त्यस्तो कुराहरु गर्दैनन्।" त्यहि नै तरिका हो..."मात्र त्यो पर जाउ।" तर त्यसले तपाईलाई त्यो भूमिबाट निस्केर गएको चाहदैन। त्यहि नै तरिकामा शैतानले गर्छ। त्यसले तपाईलाई संसारका थोकहरुबाट बाहिर निस्केर गएको चाहदैन; मात्र संसारलाई मण्डलीसंग ल्याउछ।

119 केहि दिन पहिले, तल सडकमा आउदैगर्दा, मैले मेरो रेडियो बाले। र त्यहाँ एउटा—एउटा गीत थियो, र मैले त्यो सुनिरहे, मैले त्यो ठिक धार्मिक गीत हो या शैतानले परमेश्वरका चिजहरुलाई संसारका कुराहरुको स्तरमा ल्याउन कोशिस गरिरहेको छ भनि थाहा पाउनलाई पुरै गीतबाट भएर जान पर्यो। तपाईले त्यो गर्न सक्नुहुन्न! परमेश्वर दया गर्नुहोस्!

120 मलाई वास्ता छैन सबै गीतहरु मध्ये जति सुकै धार्मिक गीतका एल्बमहरु एल्भिस प्रेस्लीले लेखेता पनि। उनी अझै पनि शैतानको कब्जामा छ। उनले अझै धेरै छोराछोरीहरुलाई नरकमा पठाएको छ, र मैले जानेसम्म संसारका सबै चालले यस दिनमा त्यसो गरेको छ। प्याट बुन र अरु बाकि तिनीहरु, उनी चर्च अफ क्राईष्टका थिए; र एल्भिस

प्रेस्ली, एक पेन्टिकोष्टल थिए; तिनीहरु त्यस्ता मानिसका रुपमा यहूदा इस्कारियत हुन्। शैतानले परमेश्वरका उच्च कुराहरुलाई ल्याउने प्रयास गरिरहेको छ ताकी तिनीहरुले ती कुराहरु *यहाँ* मिश्रित गर्न सक्नको लागि। मानिसहरुले *यो* भन्दा माथि हेर्दैनन्। तिनिहरुले मात्र *यहाँ* हेर्छन्, भन्छन्, "अ, यो सबै उस्तै नै हो।" त्यो उस्तै होइन। त्यो भूमिबाट निस्केर आउ।

121 भने, "तिमी मात्र केहि दिन जान सक्छौ। र तिमी जाउ, त्यहि भूमिमा बस।" पक्कै पनि, उनले जानेका थिए कि तिनीहरु फर्कनेछन् भनि। तब, उनले पत्तो पाए कि त्यसले काम गर्नेवाला छैन, त्यसैले उनले कुनै फरक कुरा सोचे। उनले भने, "म तिमीलाई भन्ने छु तिमीले के गर्ने भनेर। तिमी बाहिर जहाकहिँ जान मन छ जाउ, तर तिमीले आफ्ना सबै पत्नीहरुलाई यहि छोड, तिम्रा सबै छोराछोरीहरुलाई, र तिम्रा सबै गाईवस्तुहरुलाई, *यहि* छोड। तिमीले तिनीहरुलाई यहि छोड र तिमी चाहि बाहिर जाउ।" किनकि, उनी जान्दथे कि तिनीहरुका त्यहाँ सम्पति थिए, र त्यसले तिनीहरुलाई फेरी आकर्षित गर्नेछ।

122 र त्यहि नै जुन तपाईलाई शैतानले भन्छ। जबसम्म तपाई संसारका कुराहरु तपाईमा झुण्डिन दिनुहुन्छ, तपाईलाई अझै पनि धुम्रपान गर्न मन लाग्छ, तपाईलाई अझै पनि पिउन मन लाग्छ, तपाईलाई संसारको तरिकामा कपडा लगाउन मन लाग्छ, त्यो उत्तिनै राम्रो हो जत्ति शैतानले चाहन्छ।

123 मैले विश्वासमा पछि हटेको (ब्याकस्लाईड) बारेमा धेरै सुनिरहेको हुन्छु। म विश्वास गर्दिन कि मानिसले जत्ती भएको सोचेका हुन्छन् त्यति सम्म विश्वासमा पछि भएको (ब्याकस्लाईड)। मात्र तिनीहरुले मिश्र यत्ति धेरै सम्पति छोड्छन् कि त्यसले तिनीहरुलाई फेरी आकर्षित गराउछ, त्यहि नै हो। विश्वासमा पछि हटेको जुन तिनीहरुले जे भन्छन् त्यो होइन। तपाईले दुनियामा अति धेरै कुरा छोड्नुभयो, जसले तपाईलाई लोभ्याउछ।

124 दाजुभाई, म तपाईलाई भन्छु, जब इस्रायल मध्यरातमा तयार भए, तिनीहरुसंग यस दुनियामा तिनीहरुको हुनसक्ने सबै थियो, पोको पारेका थिए र जानलाई तयार थिए।

125 परमेश्वरले हामीलाई त्यस्तै जागृति पठाईदिनुभयो। हामीले सबै कुरा पोको पार्यौं र जानलाई तयार भयौ। मध्यरातको चिच्याहट आईरहेको छ, "उहालाई भेट्न बाहिर जाउ।" तपाईलाई राम्रो यो हुन्छ कि सबै कुरा पोको पारेर तयार हुनुहोस्। तपाईसंग ती केहि नभएको राम्रो, यो संसारका कुराहरु, जसले लोभ्याउछ, कुनै पनि तार जसले तपाईलाई तल अड्काएर राख्छ। पोको पार्नुहोस्। हामी तयार होऔ। हामी जादैछौ।

126 र तपाईलाई थाहा छ के? म तपाईलाई भन्छु, तिनीहरु परमेश्वरमा यति साचो थिए, कि फारो मध्यरातमा यत्ति उत्तेजित भए, उनले भने, "बाहिर जा! बाहिर जा, र गईराख्। त संग भएको सबै लिएर जा!"

127 म हर्षित छु कि एउटा मानिस परमेश्वरको यत्तिसम्म नजिक जिउन सक्छ, कि शैतानले त्यस व्यक्तिलाई केसम्म गर्ने भनि जान्दैन। त्यो सहि हो। त्यसबाट बाहिर औ! गईराख! परमेश्वरको आज्ञा मान।

128 विश्वासद्वारा, उनले प्रतिज्ञालाई देखे। माटो खन्नेवाला, वा माटो नखन्ने होस्, उनले आफ्नो बाटो प्रभुका ती केहि अपहेलितहरुसंग लिए। फरोले भने, “तसंग भएका ती सबैकुरा लिएर यहाबाट निस्की! मलाई थाहा छैन तलाई के गर्ने भनेर।” विश्वासद्वारा, उनी परमेश्वरप्रति यति सच्चा रहे।

129 यदि तपाई परमेश्वरप्रति साचो रहनुभयो भने, विश्वासले आश्चर्यको कामहरु गर्नेछ।

हाम्रो समय सिद्धिएको छ, भूतकाल भएको छ।

130 तर, विश्वासद्वारा, यस विहानीमा, तपाईको आँखा माथि उठाउनुहोस्। तपाईको चारैतिर के छ त्यो नहेर्नुस्, जो आधुनिक संसारलाई, तर उहालाई हेर्नुहोस् र दृष्टि लगाउनुस् जसले प्रतिज्ञा दिनुहुन्छ। बाईबलले भन्छ, “हामीले सबै कुरा सिद्ध रूपमा देख्न सक्दैनौ अहिले, तर हामीले येशूलाई देख्छौ।” तपाई उहालाई हेर्नुहोस्, यस विहानीमा, र तपाईको मार्गहरु बदलिनेछ।

131 हामीले आफ्नो शिर झुकाउदै गर्दा, मात्र केहि क्षणको लागि, वचनको प्रार्थनाको लागि। प्रभुले उहाको सुसंदेशमा उहाको आशिष थपिदिनुभएको होस्।

132 तपाइको हृदयमा विचार गर्नुहोस् अब। के तपाईले संसारका कुराहरुलाई हेरिरहनुभएको थियो? विश्वासद्वारा, के तपाई येशूलाई देख्नुहुन्छ? के तपाई आफ्नो प्रसिद्धतालाई र तपाईको मण्डलीलाई हेरिरहनुभएको छ? तपाईको सामाजिक उभ्याई संसारसंग के छ? या, के तपाई येशूलाई त्यो दयामा देख्नुहुन्छ, जो सर्वोच्चको दाहिने बाहुलीमा आफैलाई स्थापित गर्नुभएको छ, जो एउटा शहिदको रूपमा दुख भोग्नुभयो, त्यो धर्मी अधर्मीको निम्ति दोषी हुनुभयो? के तपाई आफ्नो आँखा उठाएर त्यस जीवनको रूखलाई त्यहाँ पर देख्न सक्नुहुन्न? त्यो हो भने यो विज्ञान र ज्ञानको रूखलाई छोडेर, उहालाई सेवा गर्नुहोस्।

133 के तपाई प्रार्थना सम्झिएको चाहनुहुन्छ, मैले प्रार्थना गर्नुभन्दा अगी? तपाईको हात उठाउनुहोस् कुनै पनि अनुरोधको लागि जुन तपाईको आवस्यकता हुनसक्छ। परमेश्वरले तपाईलाई आशिषदिनुभएको होस्। उहाले तपाई सबैजनाको हात देख्नुहुन्छ।

134 यदि तपाई पापी हुनुहुन्छ भने, तपाईको आँखा माथि उठाउनुहोस् र अहिले हेर्नुहोस्। यदि तपाई असाबधान हुनुभएको थियो, यदि तपाई थोरै झगडामा हुनुहुन्थ्यो र त्यस्तै साना कुराहरु थियो भने, त्यसले के भिन्नता पार्छ? तपाई यी दिनहरु मध्ये कुनै एक दिन मर्नुहुनेछ। कुन दिन? हुनसक्छ आज! तपाईलाई थाहा छैन। अहिलेको केहि घण्टामा तपाई नरकमा हुनसक्छ, या तपाई स्वर्गमा हुनसक्नुहुनेछ। तर तपाईले अहिले छनोट गर्नुपर्नेछ। यदि तपाईको जीवनमा त्यहाँ त्यस्तो कुरा छ जुन सहि छैन, तपाईले विश्वासद्वारा अहिले छनोट गर्नुस्।

135 तपाई भन्नुहुन्छ, “ठिक छ, यदि मैले मात्र उनीसंग निप्टयाउन पाए! यदि मैले मात्र उसंग काम निप्टयाउन पाए हुन्थ्यो।” तिनीहरुले के गरे त्यसले फरक पार्दैन, जीवनलाई चुन्नुहोस्। जीवन चुन्नुहोस्।

136 किनकि, येशूले भन्नुभएको छ, “यदि तिमीहरुले आफ्नो हृदयबाट प्रत्येक व्यक्तिको अपराध क्षमा गरेनौ भने, स्वर्गमा हुनुहुने पिताले पनि तिमीहरुलाई क्षमा गर्नुहुनेछैन।” त्यसैले केवल त्यत्ति नजिक जानुहोस्। यदि कुनै व्यक्ति चाहे पापी होस् या सन्त होस्, उनको विरुद्धमा तपाईको हृदयमा एउटै मात्र कुरा छ भने पनि, तपाई नरकको आगोको खतरामा हुनुहुन्छ।

137 अब तपाईको आँखा माथि उठाउनुहोस्। तपाईले के देख्नुहुन्छ, तपाईको शत्रु? या, तपाईको मुक्तिदाता देख्नुहुन्छ? यस विहानीमा तपाईले के हेर्दै हुनुहुन्छ?

138 यदि तपाई विरामी हुनुहुन्छ, र तपाईको बैद्यले तपाई निको हुनसक्नुहुन्न भन्छ, तपाईको आँखा माथि उठाउनुहोस्, त्यो क्रूसमा, जहाँ हाम्रो अपराधको निम्ति उहा छेडिनुभयो, उसको कोर्राको चोटले हामी निको भयौ। बैद्यले के भन्यो त्यसमा नहेर्नुस्; उ विज्ञानमा काम गरिरहेको छ। विश्वासले आत्मा र परमेश्वरको दायरामा काम गर्छ। आउनुहोस् तपाईहरुले हातहरु उठाईराख्नुहुदा हामी अहिले यी कुराहरुमा विचार गरौ। परमेश्वरले तिनीहरुलाई देख्नुभएको छ।

आउनुहोस् हामी प्रार्थना गरौ।

139 ओ अनन्त परमेश्वर, अहिलेको यो आराधनाको मौनतामा, सुसंदेश गईसके पछि, प्रभु, तपाइको वचनको बिउहरु त्यो ढुंगे जमिनमा खस्न नदिनुहोस्। प्रभु त्यो सुसंदेश काँढाहरुको विचमा झर्न नदिनुहोस्, ताकी यो जीवनको अवस्था(जस्तो धेरैको छ) ननिसासिएको होस्, र अन्त्यमा, फालिने मध्येको नहोस्। तर, ओ आशिषित परमेश्वर, त्यसलाई असल, मलिलो जमिनमा, पश्चातापी हृदयहरुमा झर्न दिनुहोस्। र प्रभु मेरोमा पनि, ताकि हामी सबैले परमेश्वरको चस्माबाट भएर हेर्न सकौ, र प्रभु येशूको इन्कार गरिएको मण्डलीलाई देख्न सकौ, ती तिरस्कृत मानिसहरुलाई, त्यो इन्कार गरिएको बाटोलाई, र हुनसकोस् कि हामी त्यो महिमित बाटोमा भएर हिड्न सकौ।

140 जस्तो मोसा थिए, उनलाई थाहा थिएन उनी कहा जदैथिए भनि। मानिसहरुले जानेका थिएनन् तिनीहरु कहा जादै थिए भनि। तिनीहरुलाई थाहा थिएन कुन बाटो जाने भनेर। तिनीहरुले मात्र शूरू गरे।

141 र, ओ परमप्रभु परमेश्वर, जसरी यो सुन्दर भजन बजाईदै छ, हामी त्यो परको देशलाई विश्वासद्वारा देख्न सकेको होस्। अहिले नै हुनदिनुहोस्, कि यहाँ भएका पुरुषहरु र स्त्रीहरुले संसारले के भन्नेछ, वा कसरी तिनीहरु गईरहेका छन् भनि सोच्न छोडिदिएको होस्। मात्र तिनीहरु आफ्नो आत्मामा बढेर जान सकेको होस्।

142 मोसाले त्यो उज्यालोलाई पछ्याए, र त्यसले उनलाई प्रतिज्ञाको देशमा डोहोर्यायो। थाहा थिएन उनी कहाँ जादैथिए भनि, तर उनी केवल त्यस उज्यालोमा भएर हिडे, त्यो देशमा जुन दिन भन्दा पनि उत्तम थियो।

143 प्रदान गर्नुहोस्, प्रभु, आज, ताकि यहाँ भएका धेरैजना वचनको उज्यालोमा र पवित्र आत्माको उपासनामा भएर हिड्न सकेकोहोस्, र मण्डली संग; मण्डली, पहिलो जन्मेको, नया जन्मेका बालकहरु जसले ख्रीष्टलाई प्राप्त गरेका छन्, र पवित्र आत्माले भरिपूर्ण भएका

छन्, आत्माद्वारा डोहोर्याईका छन्। हुनसकोस् कि यो संगतिमा हामी एकसाथ हिड्नसकेका हौ, परमेश्वरको लेखहरुको चारैतिर भएर, बप्तिष्मामा उहालाई सेवा गरी, उहाको मृत्युमा, गाडिनुमा, र पुनरुत्थानमा आज्ञाकारी भई। हुनसकोस् कि हामीले उहालाई उहाको आज्ञामा सेवा गर्न सकौ, "जबसम्म सर्वोच्चको शक्ति तिमीहरुमा आउनुहुदैन, तिमीहरु यरूसलेममै बसिराख।" विरामीहरुको निम्ति प्रार्थना गर्दै, हामीले उहालाई दिव्य चंगाईमा सेवा गर्न सकेका हौ। उहाको रोटि भाँची, हृदयमा एक भई, परमेश्वरको वचनको वरपर संगति गरि उहालाई प्रभु भोजमा सेवा गर्न सकेका हौ। त्यो देश दृश्यमा देखा नपरेसम्म, हामीले उहालाई उहाको सबै दिव्य लेखहरुमा सेवा गर्न सकेका हौ। प्रदान गर्नुहोस्, प्रभु। हाम्रो प्रार्थना सुन्नुहोस्, जसै सबै कुरा अब हामी तपाईमा सुम्पदछौ, प्रभु येशूको नाउमा।

144 अब, हाम्रो शिर झुकाई, शान्त संग, विस्तारै, हामी यो गीत गाऔ। अब यो आराधना हो। सुसंदेश समाप्त भएको छ। कोहि पनि छोडेर नजानुहोला। केवल शान्त बसिदिनुहोला। आउनुहोस् आराधना गरौ।

145 सुसंदेशले सुदार गर्दैछ। सोच्नुहोस् तपाईले के गर्नुभयो, तपाईले के चाहि गरेको भए हुनेथियो, के कुराले तपाई आज जे हुनुहुन्छ सो बनायो। के कुराले आज तपाईलाई दोषी ठहरायो, किनकि हिजोका दिनहरुमा तपाईले केहि गर्नुभएको थियो। त्यो भोलि के हुनेछ? आज नै ठिक बनाउनुहोस्, र भोलि तपाई स्वतन्त्र हुनुहुनेछ। बुझ्नुभयो? तपाईले एउटा छनोट गर्नुनै पर्छ। तपाईले यो कसरी गर्न सक्नुहुनेछ? "विश्वास द्वारा, अब म सबैकुरा खुल्ला छोड्नेछु। आमा म खुल्ला छोड्नेछु, र एकदिन म त्यहाँनिर जानेछु।"

त्यो मिठासको मधुर–मधुरमा
हामी भेट्नेछौ त्यो सुन्दर तटमा

अब केवल प्रभुलाई तपाईको आत्माबाट आराधना गर्नुहोस्

त्यो मिठासको मधुर–मधुरमा
हामी त्यो अपहेलित मण्डलीलाई भेट्नेछौ (जान कठिन छ, तर
हामी कुनै दिन भेट्नेछौ)

माथिका हाम्रा उदार पितालाई,
हाम्रा प्रशंसाको भेटि अर्पण गर्छौ,
उहाको महिमित प्रेमको उपहारको लागि,
र उहाको आशिषले हाम्रो दिन पवित्र राख्नुहुन्छ

विश्वास द्वारा, परमेश्वरका केहि अपहेलित संग म चुन्दछु।

त्यो मिठासको (मिठासको)...मधुर–मधुरमा
हामी भेट्नेछौ त्यो सुन्दर तटमा; (मधुर–मधुरमा)
त्यो मिठासको (मिठासको) मधुर–मधुरमा
हामी भेट्नेछौ त्यो सुन्दर तटमा

त्यहाँ देश छ जहाँ...

केवल उहालाई आराधना गर्नुहोस्। यो आराधना हो।

...विश्वासद्वारा म देख्नसक्छु

विश्वासद्वारा म छनोट गर्छु।

ओ, पिता पर्खनुहुन्छ

146 म प्रभुको सन्तहरुलाई त्यहाँ देख्न सक्छु; भाई जोर्ज, भाई सेवार्ड, सबैलाई

...हामीलाई बस्ने ठाउ त्यहाँ (हो प्रभु!)
मिठास...

147 उनका पिता, होवार्ड, एडवार्ड, सबै ती पुराना सन्त मित्रहरु जसले बाटो लिनुभयो, त्यहाँ पर, धेरै समय अगाडिनै बाटो लिनुभयो।

त्यो मिठासको (हो प्रभु!) मधुर–मधुरमा (मधुर–मधुरमा)
हामी भेट्नेछौ त्यो सुन्दर तटमा

हामी गाउनेछौ त्यो सुन्दर तटमा...(ओ प्रभु)
आशिषितहरुको सुमधुर गीतहरु (परमेश्वरलाई महिमा होस्)
...त्यस उप्रान्त शोकित हुनेछैनौ,
कुनै विलाप हैन तर त्यो विश्रामपूर्ण स्थानको आशिषमा

त्यो मिठासको (मिठासको)...(मधुर–मधुरमा)
हामी भेट्नेछौ त्यो सुन्दर...

***विश्वासद्वारा, मोसा*** NEP58-0720M

(By Faith, Moses)

यो संदेश भाई विलियम म्यारियन ब्रन्हामद्वारा मूल रूपमा इंग्लिशमा आईतबार बिहान जुलाई 20, 1958, ब्रन्हाम टेबरनेकल, जेफरसनविल, इंडियाना, यु.एस.ए मा प्रचार गरिएको थियो, जसलाई चुम्बकीय टेप रेकर्डिन्गाद्वारा लिईएको छ र इंग्लिशमा विष्तृतमा छापिएको छ। यो नेपाली अनुवादलाई भोईस अफ गड रेकर्डिन्गको द्वारा छापिएको छ र वितरण गरिएको छ।

NEPALI

©2018 VGR, ALL RIGHTS RESERVED

VOICE OF GOD RECORDINGS, INDIA OFFICE
19 (NEW NO: 28) SHENOY ROAD, NUNGAMBAKKAM
CHENNAI 600 034, INDIA
044 28274560 • 044 28251791
india@vgroffice.org

VOICE OF GOD RECORDINGS
P.O. BOX 950, JEFFERSONVILLE, INDIANA 47131 U.S.A.
www.branham.org

## Copyright notice

All rights reserved. This book may be printed on a home printer for personal use or to be given out, free of charge, as a tool to spread the Gospel of Jesus Christ. This book cannot be sold, reproduced on a large scale, posted on a website, stored in a retrieval system, translated into other languages, or used for soliciting funds without the express written permission of Voice Of God Recordings®.

For more information or for other available material, please contact:

Voice Of God Recordings
P.O. Box 950, Jeffersonville, Indiana 47131 U.S.A.
www.branham.org